का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ साउन २०८२
बिहीबार
7 August 2025
Thursday

मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १८६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# त्रसित साना दलहरू

राजनीतिक दलको व्यवहार मूल्यांकन गरेर निर्वाचन आयोगले नम्बर दिनेगरी प्रस्तावित 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि २०८२'ले पार्टीहरू अधिकार कटौती गर्ने साना दलहरूको साझा निष्कर्ष रहेको छ ।



राजनीतिक दलको अधिकार कटाउनेगरी, सेन्सर गर्नेगरी आएको कार्यविधि मान्न तयार छैनौं । त्यसविरुद्ध आयोगमा संयुक्त रूपमा निवेदन दिन्छौं ।

● **राजेन्द्र पाण्डे**
वरिष्ठ उपाध्यक्ष
एकीकृत समाजवादी





संविधान र अन्य प्रचलित ऐनसँग बाँझिने र कानुनी मान्यता विपरीय कार्यविधि ल्याउन खोजिएकाले सशक्त विरोध गर्ने निचोडमा पुगेका छौं ।

● **प्रभु साह**
अध्यक्ष, आजपा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ साउन

निर्वाचन आयोगले राजनीतिक दलहरूको मूल्यांकन गरेर नम्बर दिनेगरी ल्याएको कार्यविधिले साना पार्टीहरू सशंकित भएका छन् । आयोगले दिने नम्बरका आधारमा राज्यबाट पाउने सेवा सुविधासमेत तय हुनेगरी निर्वाचन आयोगले हालै 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि, २०८२' ल्याएको छ । यो कार्यविधिउपर आयोगले यही साउन २२ अर्थात् बिहीबारसम्म सुझाव दिन भनेको छ ।

आयोगले कार्यविधिबारे सुझाव दिन यसअगाडि नै राजनीतिक दलहरूलाई पत्र पठाएको थियो । सुझाव दिने अन्तिम दिनअगाडि नेकपा एमाले र नेपाली कांग्रेसबाहेकका नौ राजनीतिक दल संयुक्त छलफलमा जुटेका थिए ।


सो छलफलमा सहभागी दलका नेताहरूले सरकारको नियतमाथि नै शंका गरे । कार्यविधि स्वीकृत भए निर्वाचन आयोगमार्फत निर्वाचन आयोग सरकारले राजनीतिक दलमाथि दबाब बढाउने नीति लिएको साना दलहरूको आशंका छ । बुधबार नेकपा माओवादी केन्द्रको संसदीय दलका कार्यालय सिंहदरबारमा कांग्रेस र एमालेबाहेकका नौवटा राजनीतिक दलको संयुक्त बैठक बसेको थियो । सो बैठकले निर्वाचन आयोगले आफ्नो क्षेत्राधिकार नाघेको निष्कर्षसमेत निकालेका छन् ।

नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेका अनुसार निर्वाचन आयोगले तयार पारेको कार्यविधि ऐनमा रूपान्तरित भए त्यसले मुलुकको हित गर्दैन । यस्तो कार्यविधि अस्वीकार गर्ने निर्णय नौ दलले गरेको छ ।

माओवादी केन्द्रको संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको बैठकमा >>> पृष्ठ २ मा

# प्रचण्ड–विप्लव एकतामा आशंका

माओवादी स्थायी कमिटी बैठकले विप्लवसँग एकता गर्ने भनेको डेढ वर्षपछि एकताको निर्णय गरेको छ ।



नेकपासँगको एकता विचार राजनीतिक प्रतिबद्धतामा त्यति धेरै भिन्नता नदेखिएकाले पनि छिटो एकता गर्न सकिन्छ भन्नेमा छौं ।

■ **देव गुरुङ**
महासचिव
माओवादी केन्द्र

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ साउन

करिब डेढ वर्षअघिबाट नेकपा (माओवादी केन्द्र) र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)बीच पार्टी एकताको विषयमा बहस केन्द्रित छ । सोही बहसकैबीच नेकपा माओवादी स्थायी कमिटी बैठकले विप्लवसँग एकता गर्ने भनेको डेढ वर्षपछि एकताको निर्णय गरेको छ । तर सो निर्णय पनि भरपर्दो छैन । यी दुई दलबीच पार्टी एकता हुने कुनै औपचारिक छलफल अहिलेसम्म भएको छैन ।

कार्यगत एकता हुँदै पार्टी एकतासम्म जाने कुरामा विश्वास दिलाएर पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादीका अध्यक्ष प्रचण्डले नेकपाका महासचिव विप्लवलाई आफूनिकट बनाएर राजनीतिक मुद्दामा अघि बढेका छन् । यही सेरोफेरोमा रहेर प्रचण्ड-विप्लवबीच समाजवादी मोर्चा बनाउने विषयमा सहमति भएको थियो । उक्त मोर्चाको संयोजक अहिले पनि विप्लव नै छन् । यद्यपि माओवादीसँगको एकताको औपचारिक छलफल अहिलेसम्म नभएको नेकपाका नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा >>> पृष्ठ २ मा



माओवादी केन्द्रसँग अहिलेकै अवस्थामा पार्टी एकता गर्नेबारे कुनै औपचारिक छलफल भएको छैन ।

■ **'प्रकाण्ड'**
प्रवक्ता
नेपाल कम्युनिस्ट पार्टी (नेकपा)

# नदीनालाको पानी प्रयोगमा अनुमति अनिवार्य !

नदीनालाको पानी प्रयोगमा अनुमति अनिवार्य हुनेगरी ऐन बनाउन लागिएपछि संशय पैदा भएको छ । विगतदेखि नै प्रयोग गर्दै आएको पानीको प्रयोगमा कतै अनुमतिका नाममा कन्ट्रोल गर्न खोजिएको हो कि भन्ने शंका पैदा भएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ साउन

सरकारले नदीनालाको पानी प्रयोगमा अनुमति अनिवार्य लिनुपर्नेगरी ऐन बनाउन लागेको छ । यस निम्ति ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जलस्रोत विधेयक ल्याएको छ । प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा गएको यो विधेयकमा नदीनालाको पानी प्रयोग गर्न जल तथा ऊर्जा आयोगसँग अनुमति लिनुपर्ने व्यवस्था प्रस्तावित छ ।

नदीनालाको पानी प्रयोगमा अनुमति अनिवार्य हुनेगरी ऐन बनाउन लागिएपछि कतिपयमा संशय पैदा भएको छ । विगतदेखि नै प्रयोग गर्दै आएको पानीको प्रयोगमा कतै सरकारले अनुमतिका नाममा कन्ट्रोल गर्न खोजेको हो कि भन्ने आशंकासमेत सांसदले गरेका छन् ।

नदीनालाको पानी प्रयोगमा अनुमति अनिवार्य हुने प्रस्तावित प्रावधानका विषयमा बुधबार राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको बैठकमा छलफल थियो । यस व्यवस्थाबारे ब्रिफिङ गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव शिशिर कोइरालाले तीनवटै तहको सरकारले नदीनालाको पानी प्रयोगमा अनुमति लिनुपर्ने बताए । यो विषय खासगरी नदीनालाको जलविद्युत् प्रयोजनका लागि 'जल तथा ऊर्जा आयोग'सँग अनुमति लिनुपर्ने प्रावधान राख्न खोजिएको बताए ।

पानी प्रयोगका लागि अनुमति लिनुपर्ने र कति पानी प्रयोग गर्न दिने र पानीको प्रयोग कसरी गर्ने भन्नेबारेमा निर्णय गर्ने अधिकार संघमा रहनुपर्ने धारणा कोइरालाले राखेपछि सांसदहरूले आपत्ति जनाए । प्रदेश र स्थानीय सरकारलाई संघीय सरकारले नियन्त्रण गर्न खोजेको भनेर विरोध जनाएका हुन् ।

स्थानीय, प्रदेश र संघ सरकारले आफ्नो मनोमानी ढंगले पानीको उपयोग गर्ने भए नियन्त्रणबाहिर जान सक्ने तर्क ऊर्जा तथा जलस्रोत मन्त्रालयको छ । जसप्रति नेपाली कांग्रेसका सांसद कृष्णप्रसाद सिटौला र एकीकृत समाजवादीका वेदुराम भुसाललगायतले आपत्ति जनाएर प्रश्न उठाए ।

सरकारको प्रस्तावसँग असहमति जनाउँदै सांसद सिटौलाले आयोगमार्फत कर्मचारीतन्त्रले मन्त्रिपरिषद्लाई नै नियन्त्रण गर्ने कुरा ल्याएको भनेर यस्तो व्यवस्था मान्न नसकिने बताए ।

'तपाईं मन्त्रिपरिषद्लाई कन्ट्रोल गर्न खोज्दै हुनुहुन्छ ?' ऊर्जा मन्त्रालयका सहसचिव कोइरालालाई सांसद सिटौलाले प्रश्न गरे, 'मन्त्रिपरिषद्लाई नियन्त्रण गर्ने तपाईं को ? तपाईंले कार्यसमिति लिएर आएर मन्त्रिपरिषद् नियन्त्रण गर्ने ?' प्रस्तावित व्यवस्था ऐनमा >>> पृष्ठ २ मा



**वेदुराम भुसाल**
सांसद
एकीकृत समाजवादी

जल तथा ऊर्जा आयोगसँग अनुमति लिएर नदीनालाको पानी प्रयोग गर्ने कुरा स्वीकार्य हुँदैन । बरु सरकारले नै यो कामका लागि प्रयोग गर्दै छौं भनेर जानकारी दिन सक्छ ।

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा भिजिट भिसामा आउने नेपालीको संख्यामा तीव्र वृद्धि

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, २१ साउन

पछिल्लो समय मलेसियामा भिजिट भिसाको नाममा प्रवेश गर्ने नेपालीहरूको संख्या उल्लेख्य मात्रामा बढ्दै गएको छ । वैधानिक प्रक्रियाबाट श्रमिक आउन सक्ने प्रणाली सुस्त रहेको अवस्थामा एजेन्ट र दलाल समूहहरूले सामाजिक सञ्जालमार्फत 'छोटो समयमै विदेश पुग्ने' र 'उत्कृष्ट पारिश्रमिक'को लोभ देखाई नेपाली युवाहरूलाई भिजिट भिसामा मलेसिया ल्याउने क्रम तीव्र बनाएका छन् ।

विशेषगरी तेस्रो मुलुक हुँदै मलेसियामा कामको खोजीमा आउने नेपालीहरू आप्रवासन नीतिको उल्लंघन गर्दै देश प्रवेश गरिरहेका छन्, जसले मलेसियाको सुरक्षा र सामाजिक संरचनामा थप चुनौती सिर्जना गरिरहेको छ ।

भिजिट भिसाको बहानामा मलेसिया प्रवेश गर्ने नेपालीहरूमध्ये धेरैजसोले कानुनी जटिलता भोगेर स्वदेश फिर्ता भइसकेका छन् भने ठुलो >>> पृष्ठ २ मा

## आरोहण म्यानपावरका नक्कली सञ्चालक पक्राउ

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २१ साउन

वैदेशिक रोजगारीका लागि पठाइदिने भन्दै नक्कली परिचय बनाएर ठगी गर्दै आएका एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा रौतहटको फतुवा विजयपुर नगरपालिका-२ शितलपुरका रुपेश मुखिया उर्फ बैजुनाथ मुखिया रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । उनलाई इलाका प्रहरी कार्यालय मौलापुरको टोलीले मौलापुर बजारबाट पक्राउ गरेको हो । मुखियाले आफूलाई आरोहण ह्युमन रिसोर्स प्रालिका सञ्चालक >>> पृष्ठ २ मा

## कुवेतमा उडान वृद्धिका लागि आग्रह

**कुवेत सिटी/मस-** कुवेत नागरिक उड्डयन प्राधिकरणका अध्यक्ष शेख हुमुद मुबारक अल-हुमुद अल-सबाहले नेपालसँग हवाई उडान वृद्धिका लागि आग्रह गरेका छन् । मंगलबार कुवेतका लागि नेपालका राजदूत घनश्याम लम्सालसँग नागरिक उड्डयन क्षेत्रमा सहयोग सुदृढ पार्ने उपायहरू बारे छलफल भएको अरब टाइम्सले जनाएको छ ।

भेटका क्रममा दुवै पक्षले कुवेत र नेपालबीच हवाई सम्पर्क सुधार गर्ने उपायहरूबारे छलफल गरेको भन्दै समाचारमा वैदेशिक रोजगार प्रक्रियामा रहने कामदारसहित शैक्षिक तथा अन्य >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२२ साउन २०८२ बिहीबार
7 August 2025 Thursday

## कानुनमन्त्रीको प्रतिबद्धता

# ‘समाजलाई नकारात्मक असर पार्ने विधेयक सदनमा पेस हुँदैन’

**काठमाडौं/मस-** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले समाजलाई नकारात्मक असर पार्ने तथा सामाजिक मूल्यमान्यतामा प्रतिकूल प्रभाव पार्ने गरी बहुविवाहलगायत कुनैपनि विधेयक सदनमा पेस नहुने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रतिनिधि सभाको बुधबारको बैठकमा सांसदहरूले आकस्मिक, शून्य र विशेष समयमा उठाएका प्रश्नको जवाफ दिँदै उनले सामाजिक व्यवस्था खलल गर्नेगरी कानुन निर्माण गर्न कोही पनि सहभागी नहुने स्पष्ट पारे । उनले भने, ‘कानुन निर्माणको एउटा पक्ष सामाजिक आवश्यकता परिपूर्ति गर्ने र समाजको विकासलाई टेवा पुऱ्याउँदै सामाजिक सद्भाव र अमनचयन, अनुशासन कायम गर्ने हो ।’



मन्त्री चौरसियाले सांसद र आमसरोकार भएकाले उठाएको बहुविवाह, विवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने आममाफीलगायत विषयमा प्राप्त सुझावका आधारमा आवश्यक संशोधन र परिमार्जन गर्ने निर्णय भएको जानकारी दिँदै सुझावका आधारमा मात्रै संशोधन र परिमार्जन गरिने उल्लेख गरे ।

सरकारले तयार गरिरहेको मुलुकी अपराध संहिता, २०७४ सहित अन्य कानुन संशोधनको मस्यौदाका सम्बन्धमा यही साउन २० गते मन्त्रिपरिषद्को विधेयक समितिमा छलफल भएको जनाउँदै मन्त्री चौरसियाले उक्त विधेयकमा समावेश भएका बहुविवाह, विवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने आमाफीलगायत विषय परिमार्जन र संशोधन गर्नुपर्ने देखिएकाले सो सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिवको संयोजकत्वमा उपसमिति गठन भएको उल्लेख गरे ।

उपसमितिले सांसद र आमसरोकार भएका निकायले उठाएका बहुविवाहलगायत विषयमा विधेयकमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने निर्णय भएको मन्त्री चौरसियाले जानकारी दिए । मुलुकी अपराध संहिता कार्यान्वयनको सन्दर्भमा देखिएका कतिपय कठिनाइको समाधान गर्ने उद्देश्यले प्रस्ताव गरिएका विषयमा संशोधन गर्ने निर्णय भएको उनको भनाइ छ ।

सोही निर्णणलाई लिएर केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा अनुमानको आधारमा विभिन्न व्याख्या गरिनाले आममानिसको बुझाइमा अन्यौलता र आक्रोश सिर्जना भएको मन्त्री चौरसियाले उल्लेख गरे । उनका अनुसार संहिताहरूमा भएका कानुनी व्यवस्थामा संशोधनका लागि सुझाव पेस गर्न सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश डा आनन्दमोहन भट्टराईको संयोजकत्वमा अध्ययन समिति गठन भई उक्त समितिले तयार गरेको प्रतिवेदनमा देवानी तथा फौजदारी कानुनको सुधारका लागि कतिपय सुझाव दिइएको थियो ।

यस्तै, तत्कालीन महान्यायाधिवक्ता डा दिनमणि पोखरेलको संयोजकत्वमा गठित फौजदारी न्याय तथा प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदलको प्रतिवेदनमा फौजदारी कानुनमा सुधारका लागि सुझाव अनुरुप देवानी तथा फौजदारी कानुनमा समयानुकूल सुधारका लागि पेस भएका सुझावसमेतको आधारमा मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, मुलुकी फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४, मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ मा संशोधनका लागि मन्त्रालयले मस्यौदा तयार गरेको हो ।

## शिक्षक सरुवालाई लिएर गौमती माविमा तनाव, शिक्षकहरू रिले अनशनमा

नविन श्रेष्ठ/मध्यान्ह
सिन्धुली, २१ साउन



सिन्धुलीमाढीस्थित गौमती माध्यमिक विद्यालय, मढीबजारका शिक्षकहरू नगर शिक्षा समितिको निर्णयविरुद्ध रिले अनशनमा बसेका छन् । विद्यालयमा भइरहेका बेथिति र राजनीतिक हस्तक्षेपविरुद्ध आवाज उठाउने शिक्षकलाई पूर्वसूचना बिना नै सरुवा गरिएको भन्दै उनीहरू रिले अनशनमा बसेका हुन् ।

कमलामाई नगर शिक्षा समितिले गत शुक्रबार नगर क्षेत्रभित्रका १४ जना शिक्षकको सरुवा गरेको थियो । सरुवामा गौमती माविका सहायक प्रधानाध्यापक तथा प्लस टु संयोजक शंकरप्रसाद ढकाल र नेपाल शिक्षक महासंघ जिल्ला अध्यक्ष विष्णुप्रसाद फुँयालको नाम पनि समावेश थियो । उनीहरू दुवैले सरुवालाई ‘प्रतिशोधपूर्ण’ भन्दै विरोध जनाएका छन् ।

शिक्षक ढकाल र फुँयालले लामो समयदेखि विद्यालयमा भइरहेको राजनीतिक हस्तक्षेप, अनियमितता र विद्यालय हितविपरीतका निर्णयको विरोध गर्दै आएका थिए । उनीहरूले विद्यालय व्यवस्थापन समितिमा नेकपा एमाले सिन्धुलीका उपाध्यक्षसमेत रहेका अध्यक्ष कर्ण घिसिङले नियुक्ति, छात्रवृत्ति वितरणलगायतमा पक्षपात गर्दै आएको आरोप लगाएका छन् ।

शिक्षक फुँयालले भने, ‘नगर शिक्षा समितिको बैठकमा शिक्षक महासंघका पदेन सदस्यलाईसमेत खबर नगरी गरिएको निर्णयले प्रक्रिया बाइपास भएको देखिन्छ ।’

ढकाल ३५ वर्षदेखि गौमती माविमा कार्यरत छन् । उनी गणित विषयका शिक्षक, सिभिल इन्जिनियरिङ संयोजक, प्लस टु संयोजक र सहायक प्रधानाध्यापकको जिम्मेवारीमा छन् । उनले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि एक करोड रुपैयाँको शैक्षिक विकास कोष स्थापनाका लागि अभियानसमेत सुरु गरेका छन्, जसमा हालसम्म ९ लाख रूपैयाँ संकलन भइसकेको छ ।

फुँयाल ११ वर्षदेखि निमावि तहको शिक्षकका रूपमा कार्यरत छन् र कक्षा १२ सम्म अध्यापन गरिरहेका छन् । उनले फरक राजनीतिक आस्थाका कारण आफूलाई विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक असहिष्णु व्यवहार गरिएको, धम्की दिइएको र अन्ततः सरुवा गराइएको बताए ।

विद्यालयमा विद्यार्थीको चाप उच्च रहेको अवस्थामा विज्ञान विषयको दरबन्दी कटौती गर्दै सरुवा गरिएको भन्दै उनीहरूले रिले अनशन सुरु गरेका हुन् ।

शिक्षकहरूले उठाएका मुख्य विषयहरूमा विद्यालयका लागि बिनाप्रतिस्पर्धा खरिद ऐनविपरीत निजी व्यक्तिमार्फत बस खरिदको निर्णय गरिएको, एक करोडको शैक्षिक विकास कोषमा अनावश्यक हस्तक्षेप गरिएको तथा दुई शिक्षक आवश्यक रहेको अवस्थामा बिनाविज्ञापन चार जनाको नियुक्तिको प्रयास गरिएकोलगायतका रहेका छन् ।

अनशनरत शिक्षकहरूले अन्यायपूर्ण सरुवा खारेज गर्न, विद्यालयमा बढ्दो बेथिति रोक्न र निष्पक्ष शिक्षण वातावरण सुनिश्चित गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

## एकीकृत समाजवादी झापाले टिकटक प्रतियोगिता गर्ने

बिर्तामोड/मस- नेकपा (एकीकत समाजवादी) झापाले टिकटक प्रतियोगिता आयोजना गर्ने भएको छ । भदौ ९ गते एकीकृत समाजवादी पार्टीको स्थापना वर्षको अवसर पारेर झापामा टीकटक प्रतियोगिता गर्ने भएको हो ।

बुधबार बिर्तामोडस्थित पार्टीको जिल्ला कार्यालयमा पत्रकार सम्मेलन गरेर यस्तो जानकारी गराएको हो । सुसासन र रोजगारी, समाजवादको तयारी बिषयमा टीकटक भिडियो निर्माण हुनुपर्ने पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

‘नेपाली भाषामा निर्माण भएको टिकटक भिडियो सामाग्री तीन मिनेटसम्मको रहनुपर्ने छ । टिकटक प्रतियोगितमा सहभागि हुनका लागि उमेर समूह र भुगोललाई आभार बनाइएको छैन,’ अध्यक्ष बीपी भट्टराईले भने ।

अध्यक्ष भट्टराईका अनुसार प्रतियोगिताम सहभागिहरुले एकैपटक टिकटकमा पोष्ट नगरी पार्टी जिल्ला कमिटीको आधिकारिक आईडीबाट प्रकाशित गर्नुअघि भिडियो सामाग्रीलाई अध्ययन गरिने छ । भिडियो सामाग्रीलाई मोबाइल नम्बर (ह्वाट्सएप नम्बर-९७०७९०५७०९) मा पठाउन हुन समेत पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

सो भिडियो सामाग्री निर्णायक मण्डलमा एकीकृत समाजवादी कोशी प्रदेश सदस्य एबम् समाजवादी प्रेष संगठनका उपाध्यक्ष तीर्थ सिग्देल, एकीकृत समाजवादी झापाका प्रचार विभाग प्रमुख अनिलदेब राई र समाजवादी प्रेष संगठन झापाका अध्यक्ष गोविन ल्वागुन रहेका छन् ।

साउन २५ देखि भदौ १ गतेसम्म आएका भिडियो सामाग्रीहरु प्रतियोगितामा समावेश गरिनेछ । भदौ ८ गतेसम्म प्राप्त भएका लाईक, भ्युज र शेयरलाई ५० अङ्क प्रदान गर्ने छ । बाँकी ५० अंक निर्णायक मण्डलले प्रदान गर्ने अध्यक्ष भट्टराईले जानकारी गराए ।

प्रतियोगितामा पहिलो हुनले १० हजार, दोस्रोले ५ हजार र तेस्रो हुनेले तीन हजारसहित प्रमाणपत्र पाउने छन् । प्रतियोगिताका बिजेताहरुलाई एकीकृत समाजवादी पार्टीको स्थापना दिवस भदौ ९ गते एक कार्यक्रमबीच पुरस्कार वितरण गरिने छ ।

## उदयपुरमा करेन्ट लाग्दा बालकको मृत्यु, डिजेल सेवन गर्दा वृद्धको ज्यान गयो

बिन्द्र राई/मध्यान्ह
उदयपुर, २१ साउन

उदयपुरमा दुई फरक घटनामा एक बालक र एक वृद्धको ज्यान गएको छ । त्रियुगा नगरपालिका-७ भण्टाबारीका ११ वर्षीय दर्शन बिकको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । सोमबार राति आफ्नै घरको बिजुली बत्तिको होल्डरमा बल्ब जडान गर्ने क्रममा उनलाई करेन्ट लागेको थियो ।

गम्भीर अवस्थामा रहेका उनलाई उपचारका लागि जिल्ला अस्पताल उदयपुर ल्याइएको थियो । तर चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै, चौदण्डीगढी नगरपालिका-६ सुगारेका ९३ वर्षीय अन्त नारायण श्रेष्ठको डिजेल सेवनबाट मृत्यु भएको छ । मंगलबार राति घरमै श्रेष्ठले पानीको बोतलमा राखिएको डिजेललाई अन्जानमै पिएको प्रहरीले जनाएको छ ।

डिजेल सेवनपछि श्रेष्ठलाई नगर अस्पताल चौदण्डीगढी हुँदै थप उपचारका लागि विराटनगर स्थित विराट टिचिङ अस्पताल लगिएको थियो । उपचारकै क्रममा बुधबार उनको निधन भएको प्रहरी कार्यालयले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### त्रसित....

माओवादी केन्द्रसहित नेकपा एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत, आमजनता पार्टी (आजपा)का नेताहरू उपस्थित थिए ।

एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष पाण्डेका अनुसार आयागले अगाडि बढाएको कार्यविधि राजनीतिक दलको अधिकार कटाउनेगरी आएको निष्कर्ष निकालिएको छ । उनले भनेका भनेका छन्, ‘राजनीतिक दलको अधिकार कटाउनेगरी, सेन्सर गर्ने गरी आएको कार्यविधि मान्न तयार छैनौं । त्यसविरुद्ध आयोगमा संयुक्त रूपमा निवेदन दिन्छौं ।’

निर्वाचन आयोगमा बिहीबारसम्म सुझाव दिने समय भएकाले बिहीबार नै संयुक्त रूपमा सुझाव पेस गर्ने तयारी साना नौ राजनीतिक दलको रहेको छ ।

आजपाका अध्यक्ष प्रभु साह निर्वाचन आयोगले आफ्नो क्षेत्राधिकार मिचेर कार्यविधि ल्याउन खोजेको बताउँछन् । ‘संविधान र अन्य प्रचलित ऐनसँग बाझिने र कानुनी मान्यता विपरीय कार्यविधि ल्याउन खोजिएकाले सशक्त विरोध गर्ने निचोडमा पुगेका छौं’ उनले भने ।

### प्रचण्ड...

‘प्रकाण्ड’ले बताए ।

सबै माओवादी घटकसँग एकता गरी सबै कम्युनिस्टहरूको एकता जरुरी भएको विषय आफूहरूले नै ल्याएको बताउँदै प्रकाण्डले भने, ‘माओवादी केन्द्रसँग अहिलेकै अवस्थामा पार्टी एकता गर्नेबारे कुनै औपचारिक छलफल भएको छैन ।’ माओवादी केन्द्रबाट एकताको विषय सार्वजनिक भए पनि यसको कुनै संस्थागत निर्णय भएर आफूहरूसँग नआएको उनको जिकिर छ ।

यता माओवादी केन्द्रका महासचिव देव गुरुङले भने नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसँग छिट्टै एकता हुने दाबी गरे । ‘यस विषयमा तत्काल वार्ता टोली गठन गरी एकताका आधार तयार गर्नेगरी पार्टीमा छलफल हुँदै छ,’ उनले मध्यान्हसँग भने, ‘नेकपासँगको एकता विचार राजनीतिक प्रतिबद्धतामा त्यति धेरै भिन्नता नदेखिएकाले पनि छिटो एकता गर्न सकिन्छ भन्नेमा छौं । पार्टीको स्थायी कमिटी बैठकबाट निर्णय भइसकेकाले अब त्यसको कार्यान्वयनतर्फ हाम्रो ध्यान जानुपर्छ ।’

देशमा बढ्दै गएको व्यवस्थामाथिको खतरा र समाजवादी क्रान्तिका लागि विचार मिल्ने शक्तिबीचको एकता अत्यावश्यक भएको समेत औंल्याएका छन् । स्थायी कमिटी बैठकमा घनीभूत छलफल भएर नै विप्लवजी नेतृत्वको नेकपासँग एकता गर्ने निर्णय भएको उनले दाबी गरे । पार्टी एकता गर्ने सन्दर्भमा दुई दलबीच औपचारिक छलफल नभए पनि माओवादीले एकताको निर्णय गरिसकेकाले नेकपाले पनि आगामी भदौमा हुने पार्टी बैठकबाट निर्णय गरेर जाने आंकलन गरिएको छ ।

माओवादी केन्द्रको स्थायी समितिबाटै एकताको निर्णय गरिसकेकाले पार्टी एकताबारे शंका गर्नुपर्ने अवस्था नरहेको नेकपा माओवादी केन्द्रका प्रवक्ता अग्निप्रसाद सापकोटाले बताए । ‘यो हाम्रो निर्णय हो,’ उनले भने, ‘अब उहाँहरूले निर्णय गरेपछि एकता प्रक्रिया अगाडि बढ्छ, यसमा कुनै शंकाको कुरा छैन ।’

नेकपाले भने यो विषयलाई सजिलो ठानेको छैन । माओवादीसँग कतिपय वैचारिक असहमति रहेकाले त्यस विषयमा माओवादी केन्द्र स्पष्ट हुन जरुरी रहेको सो दलको दाबी छ । ‘माओवादी केन्द्र संसदवादी दल हो, एकताभन्दा अघि उसले संसदवादबाट माथि उठ्छ वा उठ्दैन, विचार र नेतृत्वको रूपान्तरण गर्न सक्छ वा सक्दैन भन्ने विषय प्रमुख हो,’ नेकपाका प्रवक्त प्रकाण्डले भने, ‘एकताको पहिलो सर्त नै विचार र रूपान्तरण जरुरी छ, विचार र कार्यदिशा प्रमुख हो, अरू पार्टी र हाम्रो पार्टीमा फरक छ । माओवादीले पार्टी एकता गर्ने निर्णय गरेको रहेछ । तर, हामीसँग कुनै छलफल भएको छैन ।’

माओवादीले विप्लव समूहका केही नेताहरूलाई आफ्नो दलमा भित्र्याउन गरिएको रणनीति हुन सक्ने आशंकासमेत विप्लव पक्षका नेताहरूको छ । माओवादी नेतृत्वको उद्देश्य र आशयप्रति शंका व्यक्त गर्दै अहिले नै विश्वास गर्न सकिने अवस्था नरहेको उनको भनाइ छ । आमकम्युनिस्ट पार्टीसँग एकताको कुरा गर्ने तर माओवादीसँग मात्रै तोकेर एकता गर्ने विषयमा कुनै निर्णय नहुने प्रकाण्डले मध्यान्हलाई बताए । उनको यो अभिव्यक्तिले अहिले नै माओवादी र नेकपा विप्लवबीच एकता भइहाल्ने छाँट देखिएको छैन । राजनीतिक विश्लेषक जैनेन्द्र जीवन कम्युनिस्ट पार्टीहरू जुट्नेमा भन्दा बढी फुटमै रमाउने देखिएकाले उनिहरूबीच सानातिना विषयमा पनि मत भिन्नता हुने बताउँछन् । ‘ससाना विषय र शब्द शब्दमा फरक तर्क र फरक मत राख्ने कम्युनिस्ट नेताहरूको चरित्र भएकाले फुट जति सजिलो छ मिलन त्यत्तिकै गाह्रो छ,’ उनले भने । दलहरू मिलेर नागरिकको समस्यामा सामूहिक जुट्ने कोसिस गर्नु राम्रो भए पनि माओवादी र विप्लवजीको पार्टी एकता अहिलेकै परिस्थितिमा मिलिहाल्ने अवस्था नरहेको उनको तर्क छ ।

पार्टी एकताको निर्णय लिएको दुई दिनपछि बुधबार नेकपा (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव)बीच भेटवार्ता भएको छ । नेकपा प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड)ले पार्टी एकताबारे माओवादीको निर्णय हावामा हानेको तीर भएको टिप्पणी गर्दै गर्दा दुई नेताबीचको भेटले पार्टी एकताको प्रयासलाई सकारात्मकउन्मुख बनाएको सन्देश दिएको नेताहरूले बताएका छन् ।

यद्यपि नेकपाका नेताहरूले भने माओवादी बैठकको एकतासम्बन्धी निर्णयलाई प्रचण्ड-जनार्दन टकरावलाई दबाब गरिएको प्रचारमुखी कार्यको संज्ञा दिएका छन् । माओवादी अध्यक्ष प्रचण्ड र विप्लवबीच एकता गर्ने सहमति विगत डेढ वर्षअगावै भए पनि माओवादी आफैंले यो विषयलाई छायामा पार्दै आएको विप्लव समूहका नेताहरूले आरोप लगाएका छन् ।

### नदीनालाको...

रूपान्तरित भए संविधानविपरीत हुने सिटौला बताउँछन् । उनले कोइरालालाई भनेका छन्, ‘प्रदेश, स्थानीय सरकार कन्ट्रोल गर्ने ? अनि सरकारले के गर्ने ? यस किसिमको जवाफ नदिनुस् ।’

एकीकृत समाजवादीका उपाध्यक्ष वेदुराम भुसाल जलस्रोत नेपाल सरकारको सम्पत्ति भएको बताउँछन् । नेपाल सरकारले समेत आयोगसँग अनुमति लिनेकुरा व्यावहारिक नहुने उनको राय छ । उनी भन्छन्, ‘नदीनालाको पानी प्रयोगमा अनुमति अनिवार्य गर्ने कुरा स्वीकार्य हुँदैन । सरकारले नै यो कामका लागि प्रयोग गर्दछौं भनेर जानकारी दिन भने सक्छ ।’

### मलेसियामा...

संख्यामा नेपालीहरू रेस्टुरेन्ट तथा घरेलु कामदारको रूपमा कार्यरत अवस्थामा भेटिएका छन् । उनीहरू ‘ओभरस्टे’ गरी अवैध रूपमा बसोबास गरिरहेको पाइएको छ । मलेसियाली अध्यागमन विभागले हालैका दिनमा यस प्रकारका विदेशी नागरिकहरूलाई विमानस्थलबाटै फिर्ता गर्ने, विशेष निगरानी अभियान (रेड) सञ्चालन गर्ने र आप्रवासन ऐन उल्लंघन गर्नेहरूलाई जरिमाना, जेल सजाय तथा देशनिकाला (डिपोर्ट) गराउने कार्य तीव्र बनाएको छ ।

मलेसियास्थित नेपाली दूतावासले वैधानिक प्रक्रिया अपनाएर मात्र विदेश जान उपयुक्त र सुरक्षित हुने भन्दै बारम्बार सचेतना अभियान सञ्चालन गरिरहेको छ । दूतावास स्रोतका अनुसार, भिजिट भिसामा काम गर्न पाइँदैन । त्यस्तो प्रयास गर्नु गैरकानुनी मात्र होइन, दीर्घकालीन रूपमा गम्भीर समस्या निम्त्याउन सक्छ ।

दूतावासले नेपाली समुदायका सबै सरोकारवालाहरू सामाजिक संस्था, पत्रकार, बुद्धिजीवी तथा अगुवाहरूलाई मिलेर सचेतना फैलाउन आह्वान गर्दै आएको छ ।

विश्लेषकहरूका अनुसार भिजिट भिसाको दुरुपयोग र अवैधानिक रूपमा कार्यरत नेपालीहरूका कारण नेपाली श्रमिकहरूको अन्तर्राष्ट्रिय छविमा दाग लाग्ने खतरा बढेको छ । दीर्घकालमा यसले नेपालबाट श्रमिक लैजाने देशहरूको नीति कडा बनाउने र अवसर घटाउने सम्भावना रहेको उनीहरूको भनाइ छ ।

### आरोहण...

पृथ्वी यादव भएको भनी झुटो परिचय दिँदै विभिन्न व्यक्तिसँग वैदेशिक रोजगारीका नाममा ठगी गर्दै आएका थिए । प्रहरीले दिएको जानकारीअनुसार उनले मौलापुर नगरपालिका-६ का वास्तविक सञ्चालक पृथ्वी यादवको नागरिकतामा आफ्नै फोटो राखी परिचयपत्र बनाएका थिए ।

उनले कुवेत, साउदी अरब, कतार, दुवईलगायतका मुलुकहरूमा रोजगारीमा पठाइदिने भन्दै वैदेशिक रोजगार विभागबाट अनुमति नलिइकन राहदानी र नगद रकम असुली गर्ने गरेका थिए ।

स्थानीय बासिन्दा ब्राह्मनारायण यादवका अनुसार मुखियाले आफू काठमाडौंस्थित म्यानपावर कम्पनीका सञ्चालक भएको भन्दै अनेक व्यक्तिलाई झुक्याएका थिए ।

जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले मुखियामाथि ठगी मुद्दामा अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

सुरक्षा स्रोतहरूका अनुसार, वैदेशिक रोजगारीमा हुने ठगी प्रकरणमा नक्कली एजेन्टहरूको संलग्नता बढ्दो छ । प्रशासनको कमजोरी र कमजोर अनुगमनका कारण बिर्तामोड, इटहरी, लहान, चितवनलगायतका सहरहरूमा नक्कली शाखा खोल्ने प्रवृत्ति मौलाएको बताइएको छ । यस्ता स्थानबाट राहदानी र नगद संकलन गर्दै ठगी गर्ने गिरोहहरू सक्रिय रहेको प्रहरीको भनाइ छ ।

### कुवेतमा...

भ्रमणका यात्रुहरूको यात्रालाई सहज बनाउने कुरामा ध्यान केन्द्रित गरिएको बताइएको छ ।

शेख हुमुदले छलफलमा दुई देशबीचको हालको उडान व्यवस्थालाई परिमार्जन र अद्यावधिक गर्ने पारस्परिक सम्झौता गर्ने विषय समावेश रहेको भन्दै त्यसले कुवेतमा बढी रहेको नेपाली समुदाय र नेपाल भ्रमणमा आउन चाहने कुवेती नागरिकलाई सहज हुने विषयमा छलफल भएको बताए ।

हालका वर्षहरूमा कुवेतमा नेपाली समुदाय दोब्बरले वृद्धि भएको छ । अघिल्ला वर्षहरूमा रहेको नेपालीको संख्या ८० हजारबाट बढेर एकैपटक १ लाख ६० हजार पुगेको छ । अघिल्लो वर्षको तुलनामा नेपाल भ्रमण गर्ने कुवेती पर्यटकहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको बताइएको छ ।

नेपाल सरकारले प्रतिबन्ध लगाएको भएपनि कुवेत जाने नेपाली घरेलु कामदारको संख्यामा ६१ प्रतिशतले वृद्धि भएको छ । कुवेतको घरेलु श्रम बजारमा पुगेका नेपाली महिला कामदारको संख्याले कुवेती अधिकारीहरू र सञ्चारमाध्यमहरू आश्चर्यमा परेका छन् । उनीहरूले कुवेतमा नेपाली महिला घरेलु कामदारको बाढी नै आएको टिप्पणी गरेका छन् ।


## साउदीमा रोजगार

कम्पनी: CATRION CATERING HOLDING COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४७४ — LT. No.: 328708

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: CATRION CATERING HOLDING COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४७३ — LT. No.: 328709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: CATRION CATERING HOLDING COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४७२ — LT. No.: 328710

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 10 | 0 | स. काममा दक्ष | 1800 | ६७,२६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: CATRION CATERING HOLDING COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४७१ — LT. No.: 328711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: CATRION CATERING HOLDING COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४७० — LT. No.: 328712

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: JORRY ELITE BEVERAGE ESTABLISHMENT KSA — शहर: Saudi Arabia
पुनः विज्ञापन — पूर्व स्वीकृत मितिः २०८१/१२/२९ — चलानी नं.: ६०२३५९९३ — LT. No.: 321916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता २०८२ साउन २९ गते (14 Aug. 2025) यस प्रा.लि. को कार्यालय जावलाखेल ललितपुरमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८७५/०६६/०६७
लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

# विश्वव्यापी व्यापार प्रणालीमा भूपरिवेष्टित विकासशील राष्ट्रलाई पछाडि पार्न हुँदैन : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वव्यापी व्यापार प्रणालीमा भूपरिवेष्टित विकासशील राष्ट्रहरूलाई पछाडि पार्न नहुनेमा जोड दिएका छन् । भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी)को तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनअन्तर्गत बुधबार 'व्यापार तथा वाणिज्यको सहजीकरण र क्षेत्रीय सहकार्य'सम्बन्धी 'राउन्ड टेबल'को सहअध्यक्षता गर्दै उनले निष्पक्ष व्यापार सर्तहरू र पारवहन व्यवस्थाका लागि सामूहिक दबाब दिनुपर्नेमा जोड दिए ।




'यसै वर्ष जुनमा हामीले पारित गरेको सेभिया प्रतिबद्धताको कार्ययोजनाले पनि पूर्वाधार निर्माण, स्मार्ट व्यापार, कोरिडोरमा लगानी, यातायात र रसद उद्योगको विकास, व्यापार र भन्सार प्रक्रियालाई डिजिटलाइज गर्ने विषयलाई महत्त्व दिएको छ । यसको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि बलियो प्रतिबद्धता आवश्यक पर्दछ,' प्रधानमन्त्री ओलीले भने, 'यी उपायको इमान्दारपूर्वक कार्यान्वयनसँगै भूपरिवेष्टित मुलुकले समावेशी र दिगो विकासका लागि आफ्नो व्यापार क्षमतालाई उपयोग गर्न सक्छन् । यसका लागि हामीले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय स्तरमा सहयोग र साझेदारीलाई बलियो बनाउन आवश्यक छ ।'

उनले सूचना प्रविधि, उत्पादन र सेवाहरूको व्यापारलाई प्रवर्द्धन गरी क्षेत्रीय एकीकरणलाई गहिरो बनाउने र अर्थपूर्ण साझेदारीलाई बढावा दिन आग्रह गर्दै हामीले विश्वव्यापी व्यापारमा यी मुलुकको हिस्सा दोब्बर गर्ने, सेवा निर्यात विस्तार गर्ने, थप विविध र लचिलो अर्थतन्त्रलाई बढावा दिने प्रतिबद्धता गरी यसलाई पूरा गर्नुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री ओलीले सम्मेलनअन्तर्गतको दक्षिण-दक्षिण सहकार्यसम्बन्धी मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै अपार सम्भावना र तत्कालका आवश्यकताको परिपूर्तिका लागि यी मुलुकबीच ज्ञान आदानप्रदानसहित मापनयोग्य परिणाम हासिलका लागि दिगो स्रोत परिचालनमा जोड दिए ।

'एकता, पारस्परिक सम्मान र साझा स्वामित्वमा आधारित, दक्षिण-दक्षिण सहयोगले एलएलडिसीको अद्वितीय आवश्यकता र आकांक्षाअनुरूप आपसी सिकाइ, क्षमता विकास र प्रविधि हस्तान्तरणलाई बढावा दिन्छ, जसले समतामूलक र समावेशी वृद्धि निर्माण गर्न मद्दत गर्दछ,' प्रधानमन्त्री ओलीले भने, 'हामीले लचिलो भौतिक र डिजिटल पूर्वाधारमा लगानी गरेर क्षेत्रीय एकीकरणलाई प्रवर्द्धन गर्न दक्षिण-दक्षिण र त्रिकोणीय सहयोगलाई उपयोग गर्नुपर्छ ।' प्रधानमन्त्री ओलीले व्यापार र 'ट्रान्जिट' कोरिडोर विकास गर्न, पूर्वाधारलाई आधुनिकीकरण गर्न, सीमापार व्यापार र लगानी बढाउनका लागि भन्सार प्रक्रिया मिलाउन सामूहिक रूपमा काम गर्न आग्रह गर्दै विश्वव्यापी डिजिटल अर्थतन्त्रमा अर्थपूर्ण रूपमा भाग लिन डिजिटल रूपान्तरणलाई अँगाल्नुपर्ने धारणा राखे ।

### तुर्कमेनिस्तानका राष्ट्रपतिलाई नेपाल भ्रमणको निम्तो

काठमाडौं/मस- प्रधानमन्त्री केपी शर्मा ओलीले तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बेरदिमुहामेदोभलाई नेपाल भ्रमणका लागि निमन्त्रणा दिएका छन् । भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी) को तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनका क्रममा बुधबार भएको भेटवार्ताका अवसरमा प्रधानमन्त्री ओलीले आगामी वर्ष नेपाल भ्रमणका लागि राष्ट्रपतिलाई निमन्त्रणा दिएका हुन् ।

भेटपछि दुवै मुलुकका सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै प्रधानमन्त्री ओलीले दुईपक्षीय हित, चोसो, सहयोग र सहकार्यसहित दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ र उपलब्धिमूलक बनाउनलगायतका विषयमा छलफल भएको बताए । सो अवसरमा उनले छोटो समयावधिमा तुर्कमेनिस्ताले गरेको विकासको प्रशंसा गर्दै नेपाल सन् २०२६ मा विकासशील मुलुकमा स्तरोन्नति हुने जानकारी गराएका थिए ।

प्रधानमन्त्री ओलीले आवाजा सहरमा भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी)को तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनको भव्य आयोजनाका लागि राष्ट्रपति बेरदिमुहामेदोभलाई धन्यवाद दिए । हरेक १० वर्षमा हुने सो सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली उच्चस्तरीय भेटघाटसहित विभिन्न कार्यक्रममा सहभागी भइरहेका छन् ।

# एनसिसी कतार र मानवअधिकार आयोग सहकार्य गरेर अगाडि बढ्न प्रतिबद्ध

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ साउन



गैरआवासीय नेपाली संघ (एनआरएनए) एनसिसी कतारको टोलीले मगंलबार राष्ट्रिय मानव अधिकार आयोग कतारको सचेतना तथा योजना विभागका प्रमुख अबु सालिम हमद अल हाजिरीसँग भेटवार्ता गरेको छ ।

नेपाली समाज प्रतिनिधि एवं कानुनी परामर्शदाता मोहम्मद रमजान अलि मियाको संयोजनमा एनसिसीका अध्यक्ष कृष्ण पन्थीको नेतृत्वमा विभिन्न पदाधिकारीहरू आयोगमा पुगेका थिए ।

भेटमा अल हाजिरीले एनसिसीको अध्यक्ष जस्तो गरिमामय पदमा चुनिएकोमा पन्थीलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै विगतका वर्षहरूमा जस्तै भविष्यमा पनि सहकार्य गरेर अगाडि बढ्न आग्रह गरे । गत रमदानमा सञ्चालित कम्युनिटी लिग फुटबल प्रतियोगितामा एनसिसीले खेलेको भूमिका र सहभागिताको प्रशंसा गर्दै आगामी दिनमा थप व्यवस्थित बनाउँदै खेलहरू आयोजना गर्ने विषयमा कुराकानी भएको अध्यक्ष पन्थीले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

एनसिसीलाई आयोगले आफ्नो अभियानमा सहकर्मीको रूपमा समावेश गराउने बताउँदै नेपाली भाषामा विभिन्न पम्प्लेटहरू तयार गरी कतारमा रहेका नेपालीहरूलाई सुसूचित गराउने अभियानमा एनसिसी कतारबाट आयोगले सहयोगको अपेक्षा गरेको पन्थीले बताए । उनले आयोगले छिट्टै नै श्रमिक अधिकारसम्बन्धी गोजी पुस्तिका नेपाली समाजलाई हस्तान्तरण गर्ने तयारी गरेको पनि जानकारी दिए ।

आयोगले आगामी शुक्रवार सनैयास्थित ग्रान्ड मलको क्रिकेट स्टेडियममा 'कानुनी क्लिनिक' संवाद कार्यक्रमको आयोजना गर्न लागेको हुँदा कतारमा रहेका नेपालीहरूलाई उपस्थित हुन एनसिसीमार्फत आग्रह गरेको छ । भेटमा पन्थीले श्रमिकका पक्षमा आफूले गर्न चाहेका कार्ययोजना आयोगका योजना विभागका प्रमुख हाजिरीलाई हस्तान्तरण गर्दै आफूहरू सहकार्य गर्न सदैव तयार रहेको बताएका थिए ।

# सामुदायिक वनको संरक्षणका लागि बझाङमा तीनदिने क्षमता अभिवृद्धि तालिम

**रुपक खड्का/मध्यान्ह**
बझाङ, २१ साउन

सामुदायिक वनको संरक्षण र दिगो व्यवस्थापनमा सशक्त उपभोक्ता समूह निर्माण गर्ने उद्देश्यसहित साहारा नेपाल बझाङले तीनदिने क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ ।

फिनल्यान्ड सरकारअन्तर्गतको स्वालोज संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन भएको तालिम मष्टा गाउँपालिका ३, ४, ५, ६ र ७ का सामुदायिक वन उपभोक्ता समूह लक्षित थियो ।



'खाद्य सुरक्षा सुधार, दिगो जीविकोपार्जन र महिला सशक्तीकरण' परियोजनाअन्तर्गत आयोजना गरिएको तालिमले वनमार्फत उत्पादन र रोजगारी सिर्जना गर्दै समुदायलाई आर्थिक रूपमा सशक्त बनाउने लक्ष्य लिएको परियोजना संयोजक उमेश जोशीले जानकारी दिए । तालिममा पालिकाभरिका ९५ जना सामुदायिक वन उपभोक्ता र कृषक समूहका प्रतिनिधिहरू सहभागी थिए । उनीहरूलाई वन व्यवस्थापन, नवीकरण, वनमा आधारित उद्यमको सम्भाव्यता, उत्पादन र बजारीकरणका विषयमा जानकारी दिइएको साहारा नेपाल बझाङका बोर्ड सचिव जनक द्वालले बताए । तालिममा सहभागी 'दुदिल्ला कृषक समूह'का अध्यक्ष दलबहादुर कठायतले सामुदायिक वनको नवीकरणमा आर्थिक अभाव मुख्य बाधा रहेको बताए ।

# सालझन्डी–सन्धिखर्क–ढोरपाटन सडक आयोजनाको भौतिक प्रगति शतप्रतिशत

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ साउन

सालझन्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजनाले आर्थिक वर्ष २०८१/८२ मा शतप्रतिशत भौतिक प्रगति र ९९.२५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । आयोजनाअन्तर्गत खुर्साने-पटौटी खण्डमा ४.५ किलोमिटर आरसिसी ढलान, १४ किलोमिटर सब-बेस, पक्की नाली निर्माणको काम सम्पन्न गर्दै सडक कालोपत्रे प्रक्रिया सुरु गरिएको छ ।

सडक आयोजनाका प्रमुख गागलबहादुर भण्डारीका अनुसार गत आर्थिक वर्षमा १९.४ किलोमिटर सडक कालोपत्रेका लागि ठेक्का सम्झौता गरिएको थियो । अहिले आयोजनाको समग्र भौतिक प्रगति ३७ प्रतिशत पुगेको छ । हालसम्म २२.५ किलोमिटर सडक कालोपत्रे भइसकेको छ । सालझन्डी-कञ्चनखोला खण्डमा ५ किलोमिटर, खुर्साने-पटौटी खण्डमा ४.५ किलोमिटर, बलेवाङ-फुदबाङ खण्डमा ९ किलोमिटर र रुब्दी खोला-माटे खण्डमा ४ किलोमिटर कालोपत्रे सम्पन्न भएको छ ।

आयोजनाको कार्यक्षेत्रभित्र हालसम्म पाँच वटा पक्की पुल निर्माण सम्पन्न भइसकेका छन् भने ८१ किलोमिटर सडक कालोपत्रे गर्नका लागि ठेक्का सम्झौता भइसकेको छ । कञ्चनखोला-खुर्साने खण्ड, पाल्पा (१३.४४ किलोमिटर)को निर्माण कार्य रमण-ओम-सुगम जेभीले लिएको छ । खुर्साने-पटौटी खण्ड, अर्घाखाँची (२२ किलोमिटर)को काम पीके-अर्घाखाँची जेभीले गरिरहेको छ । पटौटी-मैदान खण्ड (४.४ किलोमिटर) अमर निर्माण सेवा, अर्घाखाँचीले निर्माण गरिरहेको छ ।

त्यस्तै, माटे-भडारा खण्ड (७.१ किलोमिटर) र पुर्कोटदह-सिर्सेनी खण्ड (१९.१ किलोमिटर) गरि २६.२ किलोमिटर सडक निर्माणको जिम्मेवारी विरुवा-पुष्पा जेभीले लिएको छ । सिर्सेनी-अर्खाबाङ, गुल्मी खण्ड (८.३ किलोमिटर) ब्राइट/हिमाल/यम.यम. जेभीले बनाउँदैछ। अर्खाबाङ-गंगरे, गुल्मी खण्ड (३.७ किलोमिटर) को जिम्मेवारी तामाङ कन्स्ट्रक्सनले लिएको छ भने फल्लेघर-देउराली, बागलुङ खण्ड (३ किलोमिटर) पीटीआर अधिकारी निर्माण कम्पनीले निर्माण गरिरहेको छ ।

हाल सञ्चालनमा रहेका आठवटा ठेक्का सम्झौताहरू सम्पन्न गर्न करिब १ अर्ब ८० करोड रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । तर चालु आर्थिक वर्षमा मन्त्रालयबाट केवल ३८ करोड रुपैयाँ बजेट विनियोजन गरिएको आयोजनाले जनाएको छ । योजना प्रमुख भण्डारीका अनुसार, ५ करोड ८६ लाख रुपैयाँ अघिल्लो वर्षको दायित्व सरेको छ । बाँकी ३२ करोड रुपैयाँमै चालु आर्थिक वर्षको कार्यभार पूरा गर्नुपर्ने बाध्यता रहेको छ ।

यसैबीच, औलाखोला-गच्छे-चुत्राबेसी-रुब्दी सडक खण्डको एलाइन्मेन्ट विवाद समाधानका लागि स्थानीय सरकार, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलहरू र सरोकारवालाहरूबीच छलफल गरिएको छ । अब विवाद समाधान भइसकेको र चालु आर्थिक वर्षमै सर्भे सम्पन्न गरिने लक्ष्य रहेको प्रमुख भण्डारीले बताए ।

स्वच्छन्द-ओम बुद्ध जेभीले निर्माण गरिरहेको बुर्तिवाङ-फल्लेघर सडक खण्ड अघिल्लो वर्ष रुग्ण अवस्थामा पुगेपछि ढोरपाटन नगरपालिकामा बृहत् छलफल गरी पुनः सक्रिय बनाइएको हो । सो खण्डमा चालु वर्षमा ६० प्रतिशत भौतिक प्रगति भइसकेको छ । आगामी आर्थिक वर्ष २०८२/८३ भित्र निर्माण कार्य पूरा गर्ने लक्ष्यसहित कार्य तीव्र गतिमा



अगाडि बढाइएको छ ।

त्यस्तै, पाल्पाको कञ्चनखोला-खुर्साने १३.४४ किलोमिटर सडक खण्ड निर्माण यसै आर्थिक वर्षमा सम्पन्न गर्ने प्रतिबद्धता निर्माण व्यवसायीहरूले जनाएका छन् ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/११/११ मा दर्ता भएको **प्रा. लि. नं. १४५६३६** को **जनरल अटो हेडीङ्ग प्रा.लि.** को मिति २०८२/०३/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**भादगाउँ सिनुवारी बहुमुखी क्याम्पस**
**झुम्का, सुनसरी**

**बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मितिः २०८२/०४/२२**

यस क्याम्पसको बोलपत्र सम्बन्धि सूचना IFB No: BSMC/NCB/01/082/083, *Construction of Bhadgaun Sinuwari Multiple Campus Administrative Building*, http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ, बिस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित Website (http://bolpatra.gov.np/egp) visit गर्नुहुन अनुरोध छ ।

**क्याम्पस प्रमुख**

**कतारमा रोजगार**

कम्पनी : NEW RASHIN SALON — शहर : QATAR
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४५७ — LT. No.: 328585

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1800 | ६९,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Beautician | 0 | 1 | | 1800 | ६९,२२८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २९ गते ( 14 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.** — श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
टोखा–१०, सामाखुसी, काठमाडौं, नेपाल, फोनः०१४९५७०४७, मोबाईलः ९८१६९३५५३२, ९८१५१८६५६३
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

**ओमनमा रोजगार**

कम्पनीः INTERNATIONAL GOLDEN PILLARS LLC — शहरः Oman
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.:६०२४२४५३ — LT. No.:328693

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Industrial equipment installation m | 75 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४३,६९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric equipments electrician (ge | 75 | 0 | | 120 | ४३,६९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २९ गते (14 August 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता एक्सेस् पार्टनर्स ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ साउन ३० गते ( 15 August 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता सिपी होटेल बिर्तामोड झापामा २०८२ साउन ३० गते ( 15 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**access partners pvt. ltd.**
Baneshwor, Kathmandu | Contact: 01-4105010, 9804846255, 9802352888, 9801179555, 9851318300
Email: info@accesspartners.com.np | www.accesspartners.com.np

**Free Visa, Free Ticket, Free Recruitment**
**फ्रि भिसा, फ्रि टिकट, निः शुल्क भर्ती**

**Free Visa, Free Ticket, Free Processing, No Service Charge, No Cash Deposit, No Salary Deduction, No Sub Agent, No Mediator**
**निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधीत ।**

Emirates Flight Catering
(Company Name) : **EMIRATES FLIGHT CATERING LLC** — **UAE**
**रोजगारदाता कम्पनी :** एमिरेटस् फ्याइट क्याटेरिङ एल.एल.सी. — **यु.ए.ई.**

| पूर्व स्वीकृत मितिः २०८२/०४/२१ | चलानी नं.: ६०२४२४६६ | एल टी नं.: ३२८७४९ |
|---|---|---|
| Pre Approval Date: 2025/08/06 | Consignment No.: 60242466 | L.T. No.: 328749 |

| सि. नं S.N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब AED एइडी | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुविधा | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITERS | 100 १०० | 100 १०० | Understanding of English speaking and writing | 1620 १६२० | 61,835 ६१,८३५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | Yes छ | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Social Security Fund सामाजिक सुरक्षा कोष |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employee कामदारले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employee कामदारले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employee ने.रु.७००।– कामदारले व्यहोर्ने | NPR 1500/- By the Employee ने.रु.१५००।– कामदारले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employee कामदारले व्यहोर्ने |

Blue Ocean Overseas Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
ब्लू ओसियन ओभरसिज प्रा.लि.कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पत्रियामा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

१. अग्रेजी राम्रोसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । २. अन्तर्वार्तामा आउदा सक्कल राहदानी, वायोडाटा, दक्षताको प्रमाणपत्र लिएर आउनुपर्नेछ साथै सेतो सर्ट, कालो पाइन्ट र कालो टाइ ड्रेस कोडसहित उपस्थित हुनुपर्नेछ ।

Note (नोट):
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
- प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.
- शरिरमा कुनै देखिने ट्याटू वा दागहरू नभएको हुनुपर्नेछ ।
- There should be no visible tattoos or scars on the body.

**Grievance Reporting Alert (गुनासो दर्ता)**
If you have any grievance or feedback, please do contact us via helpline phone number or email address mentioned below. Blue Ocean Overseas Pvt. ltd. will excutive the necessary process by keeping the provided information & identity confidential. Helpline No. 9801224522, Email: b2ogrievance@gmail.com
यदि तपाईहरुसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेखित नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।
ब्लू ओसियन ओभरसिज प्रा.लि.ले उपलब्ध गराइएको जानकारी तथा परिचय गोप्य राखी आवश्यक प्रक्रिया अगाडि बढाउन प्रतिबद्ध छौं ।
हेल्पलाइन नं.: ९८०१२२४५२२, इमेलः b2ogrievance@gmail.com

**Pre interview will be conducted daily basis in our office Premises.**
**प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।**
**Final Interview will be conducted on Office Premises, Kathmandu 14 August 2025.**
**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८२ साउन २९ गतेमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं ८६४/०६६/०६७
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल फोनः ४९५१७३२, ४९६५८२६,
Email: blueocean_o@yahoo.com, www.blueocean.com.np
Mobile No: 9801224179 | 9801224520 | 9801224169 | 9801224162 | 9801224172 | 9841216869 | 9841661558 | 9841198513 | 9808220638
CERTIFIED ISO 9001:2015
कार्यालय रहेको स्थानः मनोहर मा.वि. देखि १०० मिटर अगाडि बायाँपट्टि, नक्साको लागि स्कान गर्नुहोला ।

मध्यान्ह
www.madhyanhadaily.com
२२ साउन २०८२ बिहीबार
7 August 2025 Thursday

## सम्पादकीय

# विपद्प्रति सचेत हुने कि ?

भारतको उत्तराखण्डस्थित उत्तरकाशी जिल्लामा पर्ने धराली बजार मंगलबार परेको छिनभरको वर्षासँगै आएको बाढीले तहसनहस बन्यो । बाढीमा परि दर्जनौंले ज्यान गुमाए । धराली गंगोत्री धामबाट नजिकैको क्षेत्र हो । जुन क्षेत्रमा नेपालीहरू पनि तीर्थ यात्रामा जाने गर्छन् । धरालीको घटनाले नेपाललाई पनि फेरि एकपटक विपद्प्रति हेक्का राख्न सुझाएको छ । किनकि नेपालका अधिकांश भूगोल धराली बजारसँग मिल्दोजुल्दो छ । यसैगरी, छिनभरमै तहसनहस हुने जोखिममा छन् । जसबाट सचेत हुनुपर्ने आवश्यकता हाम्रा लागि छ ।

हुन त नेपाल–चीन मितेरी पुल बगाउनेगरी रसुवामा बाढी आएको धेरै भएको छैन । जसले ठुलै तहमा जनधनको क्षति बनाएको थियो । असार २४ मा आएको सो बाढीको असर अझै पनि साम्य भइसकेको छैन । किनकि बाढीसँगै रोकिएको नेपाल–चीन आवागमन अझै पनि सहज बनेको छैन । जसले नेपालको आर्थिक गतिविधिमै पनि ठुलो असर गरेको छ ।

नेपालले विपद्जन्य घटना निरन्तर बेहोरिरहेको छ । बाढी, पहिरो, डुबानका घटना एकपछि अर्को गरी घटिरहेका छन् । पछिल्लो समय जलवायु परिवर्तनले पारेको प्रभावले पनि एकपछि अर्कोगरी यस्ता घटना मात्रात्मक रूपमा बढी देखिएका छन् । गत वर्षको भदौमा सोलुखुम्बुमा दुईवटा हिमताल फुट्दा थामे गाउँ नै तहसनहस बन्यो । जसमा मानवीय क्षति न्यून तहमा भए पनि भौतिक क्षति भने निकै उच्च तहमा भयो । बाढीमा परी दर्जनौं परिवारले आवास गुमाए ।

भदौमा हिमाली क्षेत्रमा क्षति बेहोरेको नेपालले मनसुनको अन्तिमतिर काठमाडौं उपत्यकामै क्षति बेहोर्नपुग्यो । 'रेकर्ड ब्रेक' वर्षासँगै आएको बाढीले उपत्यकाभित्रै ठुलो क्षेत्रलाई प्रभावित बनायो । बाढीमा परी तीन दर्जनभन्दा बढीले ज्यान गुमाए । समथर भूभाग भए पनि उपत्यकाभित्रै डुबानको अनौठो समस्या देखियो । जलवायु परिवर्तनको असर विशेषगरी पहाडी र हिमाली क्षेत्रमा देखिँदै छ । जसको प्रभाव स्वरूप यस्ता प्रकृतिका घटनामा उच्च वृद्धि भइरहेको छ ।

नेपाल आफैंमा पहाडी मुलुक हो । देशको कुल भूभागको ६८ प्रतिशत पहाडी क्षेत्रमा पर्छ । २०७८ मा भएको जनगणनाअनुसार जनसंख्याको ४२.२५ प्रतिशत जनसंख्या पहाडी क्षेत्रमा बसोबास गर्छन् । जलवायु परिवर्तनको असरले सबैभन्दा बढी पहाडी र हिमाली क्षेत्रलाई जोखिमयुक्त बनाएको छ । यस्तोमा ठुलो भूगोल र जनसंख्या जोखिममा छ । यस्तो अवस्थामा मुलुकले जलवायु परिवर्तनले पारेको प्रभाव र सम्भावित जोखिमलाई उच्च ध्यान दिन आवश्यक छ । विपद्पछि पछुताउने भन्दा विपद्अघि नै जोगिने उपाय खोज्नु अनिवार्यता छ । एकपछि अर्को गरी घटिरहेका घटनाबाट समयमै सचेत हुने कि ?

# अर्थतन्त्रको विकासमा सेयर बजार

*सेयर बजारले देशभित्र उत्पादन, सेवामूलक उद्योग, वित्तीय संस्था र लगानीकर्ताबीचको सम्बन्धलाई व्यवस्थित गर्दै आर्थिक सञ्जाल निर्माण गर्छ...*

अग्रलेख



● जगतजंग जिसी

सेयर बजार कुनै मुलुकको आर्थिक जीवनशैलीको दर्पण हो भन्ने बुझाइ गलत होइन । कुनै पनि देशको समृद्धि र आर्थिक स्थायित्वको मापन गर्न खोज्दा त्यस देशको सेयर बजारको गति, सहभागिता र पारदर्शिताले धेरै कुरा खुलाउँछ । सेयर बजारले देशभित्र उत्पादन, सेवामूलक उद्योग, वित्तीय संस्थाहरू र लगानीकर्ताबीचको सम्बन्धलाई व्यवस्थित गर्दै आर्थिक सञ्जाल निर्माण गर्छ । आर्थिक विकास भन्नाले केवल सरकारी योजनाहरू, बजेट विनियोजन वा वैदेशिक लगानी मात्र होइन, निजी क्षेत्र, साना तथा ठुलो उद्यम, बैंक तथा वित्तीय संस्थाको पुँजीगत सुदृढीकरणमा सेयर बजारको महत्वपूर्ण योगदान हुन्छ ।

नेपालजस्तो विकासोन्मुख मुलुकमा सेयर बजार अझै प्रारम्भिक यात्रामै रहेको अनुभव हुन्छ । यद्यपि पछिल्ला केही वर्षमा आमनागरिकको चेतनास्तरमा भएको वृद्धिसँगै सेयर बजारप्रति आकर्षण बढ्दो छ । मानिसहरूले बैंकको बचत खातामा सीमित नबस्दै विभिन्न कम्पनीमा सेयर लगानी गरेर आम्दानीका विकल्प खोज्न थालेका छन् । यो प्रवृत्तिले पुँजी निर्माण, औद्योगिकीकरण, रोजगारी सिर्जना र वित्तीय सशक्तीकरणतर्फ आर्थिक गतिलाई अघि बढाउन मद्दत पुऱ्याउँछ । साथै, सेयर बजारले सरकारलाई पनि कर राजस्वमा वृद्धि, वित्तीय अनुशासनको विकास र पारदर्शिता कायम गर्न सहयोग पुऱ्याउँछ ।

सेयर बजार पुँजीको आदानप्रदान हुने माध्यम हो । यहाँ लगानीकर्ताले कम्पनीमा लगानी गर्छन् र त्यसबापत लाभांश प्राप्त गर्छन् । कुनै कम्पनीले नयाँ उद्योग खोल्न, उत्पादन बढाउन, सेवा विस्तार गर्न वा ऋण तिर्न सार्वजनिक रूपमा सेयर जारी गर्छ । जसबाट संस्थागत तथा व्यक्तिगत लगानीकर्ताले सेयर खरिद गर्छन् । जब एकपटक सार्वजनिक सेयर निष्कासन (आईपिओ) हुन्छ, त्यसपछि सेकेन्डरी बजारमा ती सेयर किनबेच हुने गर्छन् । यस प्रक्रियाभित्र लाखौंको संख्यामा आमनागरिक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुन्छन् । यही सहभागिताले एक अर्थमा अर्थतन्त्रमा जनसहभागिता सुनिश्चित गर्छ, जुन लोकतान्त्रिक अर्थतन्त्रको अभिन्न विशेषता हो ।

सेयर बजारले सानो पुँजी भएका व्यक्तिलाई पनि कुनै कम्पनीको मालिक बन्ने अवसर दिन्छ । यसले पुँजी सुदृढीकरणको प्रक्रिया मात्र नभई, स्वामित्वमा आमनागरिकको सहभागितालाई सम्भव बनाउँछ । यसको प्रत्यक्ष असर उद्यमशीलतामा देखिन्छ । कम्पनीहरूले बजारबाट सजिलै पुँजी जुटाएर उत्पादन वा सेवा विस्तार गर्न सक्छन् । यति मात्र नभई, सेयर बजारले लगानीको विकल्प बढाउँछ । बैंक ब्याजदरले मात्र सन्तोष नमान्ने, जोखिम लिन इच्छुक नागरिक सेयर खरिदमा लाग्न सक्छन् । यसले पुँजीको गतिशीलता बढाउँछ र समग्र अर्थतन्त्रमा सक्रियता ल्याउँछ ।

अर्को पक्ष भनेको पारदर्शिता हो । सेयर बजारले कम्पनीहरूलाई नियमित रूपमा वित्तीय विवरण सार्वजनिक गर्न बाध्य बनाउँछ । लगानीकर्ताले कुन कम्पनीमा लगानी गर्न लाभदायक छ भनेर तथ्य र सूचनाका आधारमा निर्णय लिन्छन् । यसले झुटो सूचना, कर छल, वित्तीय अनियमितता र भ्रष्ट आचरण नियन्त्रण गर्न ठुलो भूमिका खेल्छ । कम्पनीहरूले लगानीकर्ता गुमाउन नपरोस् भनेर पारदर्शी र उत्तरदायी बन्नुपर्ने बाध्यता महसुस गर्छन् । त्यसैले सेयर बजार विकास हुनु भनेको आर्थिक प्रणालीलाई पारदर्शी, प्रतिस्पर्धी र उत्तरदायी बनाउनु हो ।

नेपालको सन्दर्भमा सेयर बजारले पछिल्लो समयमा केही उत्साहजनक संकेत दिएको छ । विभिन्न बैंक, बीमा कम्पनी, हाइड्रोपावर कम्पनी, लघुवित्त संस्था, उत्पादनमूलक र होल्डिङ कम्पनीहरूको सेयर जनताबीच लोकप्रिय भएको छ । धितोपत्र बोर्ड,




नेपाल स्टक एक्सचेन्ज र अन्य नियामक संस्थाहरूले बजारलाई व्यवस्थित गर्न विविध उपायहरू अपनाइरहेका छन् । यद्यपि, अझैसम्म पनि सशक्त प्राविधिक संरचना, लगानीकर्ताको वित्तीय शिक्षा, पारदर्शिता र संस्थागत लगानीकर्ताको सहभागिता अभाव देखिन्छ ।

नेपालमा सेयर बजारले खासगरी सहर केन्द्रित र मध्यम वर्गमाथि आधारित स्वरूप लिएको छ । ग्रामीण भेगका सर्वसाधारण नागरिक अझै पनि सेयर बजारको पहुँचमा पुग्न सकेका छैनन् । यसका पछाडि वित्तीय साक्षरता, पहुँचको अभाव र प्रविधिमैत्री संरचनाको कमी जिम्मेवार छन् । यदि डिजिटल पहुँचलाई व्यापक बनाउन सकियो भने गाउँका किसानदेखि मजदुरसम्मले पनि आफ्नो थोरै रकमलाई सेयर बजारमार्फत समृद्धिको यात्रामा लगानी गर्न सक्ने अवस्था बन्नेछ । यसले साना बचतकर्तालाई पनि पुँजी निर्माण प्रक्रियामा जोड्नेछ ।

सेयर बजार केवल लगानी र नाफा लिने माध्यम मात्र होइन, यसले अर्थतन्त्रमा स्थायित्व ल्याउने, आर्थिक परिसंचार बढाउने र वित्तीय अनुशासन कायम गर्ने दीर्घकालीन भूमिकासमेत निर्वाह गर्छ । उदाहरणका लागि, कुनै कम्पनीमा आम लगानीकर्ताको सहभागिता भएपछि सो कम्पनीले कुनैपनि निर्णय गर्दा त्यसको प्रभाव हजारौं नागरिकमा पर्छ । त्यसैले निर्णय प्रक्रियामा गम्भीरता, सार्वजनिक प्रतिबद्धता र उत्तरदायित्व बढ्छ । यसले दीर्घकालीनरूपमा राम्रो व्यवस्थापनलाई प्रोत्साहन गर्छ र कमजोर प्रवृत्तिलाई हटाउँछ ।

सेयर बजारले साना व्यवसायहरूलाई ठुलो व्यवसायमा रूपान्तरण गर्ने पुलको काम गर्छ । कुनै नयाँ स्टार्टअपले जब प्रारम्भिक सफलता प्राप्त गर्छ, उसले बजारबाट पुँजी संकलन गरेर आफ्नो विस्तार गर्न सक्छ । यो प्रक्रिया बैंक ऋणभन्दा सरल र लचकदार हुन्छ । खासगरी इनोभेटिभ वा प्राविधिक स्टार्टअपहरूलाई पुँजी आवश्यक पर्दा सेयर बजार उपयोगी विकल्प हुनसक्छ । नेपालमा हालसम्म यस्तो प्रवृत्ति न्यून भए पनि भविष्यमा सम्भावना उच्च देखिन्छ । बजारमा उत्पन्न हुने उतारचढावले लगानीकर्तालाई जोखिम बहन गर्न सिकाउँछ । यसले सानोतिनो लाभमा बेचबिखन गर्नेभन्दा पनि दीर्घकालीन लगानीमा केन्द्रित सोच विकास गर्न मद्दत गर्छ । यस्तो सोचले पुँजी सुदृढीकरण, कम्पनीहरूको दीर्घकालीन योजना निर्माण र लगानीकर्ताको परिपक्वता बढाउँछ । आर्थिक स्थायित्वको लागि यस्ता मूल्यहरू अनिवार्य मानिन्छन् ।

> *नेपालजस्तो मुलुक, जहाँ बैंकिङ पहुँच सीमित छ, औद्योगिक विकास प्रारम्भिक चरणमा छ र वैदेशिक ऋणको भरमा विकासको सपना देखिन्छ, यस्तो अवस्थामा सेयर बजारले दीर्घकालीन आर्थिक स्वतन्त्रता हासिल गर्न मार्ग खोल्न सक्छ...*

सेयर बजार विकासको अर्को महत्वपूर्ण पाटो भनेको सरकारको नीतिगत स्पष्टता हो । सरकारको नीति स्थिर, पारदर्शी र लगानीमैत्री भएमा मात्र सेयर बजारमा विश्वास पैदा हुन्छ । कर प्रणाली, लाभांश वितरणमा हुने नीति, कम्पनी ऐन र वित्तीय नियमनमा हुने अनिश्चितता बजारको स्थायित्वमा प्रभाव पार्छ । त्यसैले सरकारले सेयर बजारलाई अर्थतन्त्रको एक अंगका रूपमा व्यवहार गर्दै यथोचित सुधारका कार्यक्रम सञ्चालन गर्नु जरुरी छ ।

सेयर बजार केवल एक वित्तीय माध्यम मात्र होइन, यो राष्ट्रको आर्थिक मेरुदण्ड हो । यसले पुँजी निर्माण, उद्यमशीलता प्रवर्धन, पारदर्शिता, जनसहभागिता र आर्थिक स्थायित्वमा योगदान पुऱ्याउँछ । नेपालजस्तो मुलुक, जहाँ बैंकिङ पहुँच सीमित छ, औद्योगिक विकास प्रारम्भिक चरणमा छ र वैदेशिक ऋणको भरमा विकासको सपना देखिन्छ, यस्तो अवस्थामा सेयर बजारले दीर्घकालीन आर्थिक स्वतन्त्रता हासिल गर्न मार्ग खोल्न सक्छ । त्यसैले अबको आवश्यक दिशा भनेको सेयर बजारलाई व्यापक, समावेशी, सुरक्षित र पारदर्शी बनाउँदै आर्थिक विकासको मेरुदण्डमा रूपान्तरण गर्नु हो । जनताको विश्वास, सरकारको नीति र कम्पनीहरूको उत्तरदायित्वले नै सेयर बजारको भविष्य निर्धारण गर्नेछ, जसले नेपालको समृद्धिको आधार तय गर्नेछ ।

**(लेखक जिसी, साधारण लगानीकर्ता संघका अध्यक्ष हुन् ।)**


## इतिहासमा आज



७ अगस्ट १९९८ मा तान्जानिया र केन्यामा रहेका अमेरिकी दूतावासहरूमा एकै पटक बम हमला भएका थिए । जसमा २१२ जनाको मृत्यु भएको थियो ।



७ अगस्ट १९९५ मा सेतो भूकम्प भनेर चिनिने तीव्र, चिसो, हावा, वर्षा र हिमपातको घटनापछि चिली सरकारले देशको दक्षिणी भागमा आपतकालीन अवस्था घोषणा गरेको थियो । तत्कालिन समय उक्त सेतो भूकम्पले ठूलो जनधनको क्षति बनाएको थियो ।



७ अगस्ट १९८५ मा ताकाओ डोई, मामोरु मोहरी र चियाकी मुकाईलाई जापानको पहिलो अन्तरिक्ष यात्रीको रूपमा छनोट गरिएको थियो ।



७ अगस्ट १९८७ मा लिन कोक्स संयुक्त राज्य अमेरिकाबाट सोभियत संघमा आयोजित पौडी खेल्न गएकी थिइन् । उनले अलास्काको लिटिल डिओमेड टापुबाट सोभियत संघको बिग डिओमेडसम्म बेरिङ स्ट्रेट पार गरेकी थिइन् ।

## सामाजिक सञ्जाल



गोकुल बाँस्कोटा

कानुनहरू संशोधन त हुन्छन् । तर, तिनले मानव अधिकार, व्यक्तिगत सुरक्षा, समानता, न्यायको रक्षा, सामाजिक मर्यादा, पारिवारिक जवाफदेहितासहितको स्वतन्त्रताको सुनिश्चितता गरेकै हुनुपर्छ । कसैलाई रेबिज लाग्नासाथ राज्य र समाज बौलाउन सक्दैन । बेकारको बहसले टाउको रिगाउने काम नगरौं ।




तारानाथ दाहाल

प्रधानमन्त्री ओली एउटा संस्थाबाट आयोजित सम्मेलनमा भाग लिन तुर्किमिनिस्तान जानु भएछ । उहाँलाई फुर्सद भयो, जानुभयो । ठिकै छ । तर, उहाँको टोली हेर्दा निकै महत्वको राजकीय भ्रमण झैँ देखिन्छ । श्रीमती, अनेक सल्लाहकार, प्रेस, निजी चिकित्सक आदी । एक सचिव लिएर गए हुन्थ्यो । सुशासन यही हो त ?



गोविन्दराज पोखरेल

अग्रगामी, समुन्नत र स्थिर राजनीतिक बाटोमा हिँड्न खोज्नेले हाम्रा संसदीय समिति, संसद्, न्यायालय, संवैधानिक आयोग, प्रशासन, मन्त्रिपरिषद्, दल सबैलाई लोकतन्त्रको न्यूनतम परिधिमा राख्न अनैतिक, छाडा, संविधान र प्रचलित कानुनविपरीत र सभ्य समाजको मर्मविपरित कुनै निर्णय र काम नगरी सुध्रिन दबाब दिऔं ।



रामकुमारी झाँक्री

पितृ सत्ताले ग्रसित त्यो समाजमा मुलुकी ऐनको ११औं संशोधनको माग गर्नु पनि कठिन काम थियो । संविधान, ऐनदेखि परम्परा नै फेरेर महिलालाई मान्छे बनाउने संघर्षमा फाटेका पैतलाका छाला निको भएका छैनन् । यति छिटो हाम्रै जीवनमा बहुविवाह गर्न पाउने कानुन बनाउन को तम्सियो हँ ? हिसाब हामीसँग पनि छ ।

# प्राथमिकतामा छैन पर्यटन

विचार



● खगेन्द्र पौडेल

> *नेपालको पछिल्लो अवस्थाले देखाएको छ, कि कृषिपछि पर्यटन नै त्यो क्षेत्र हो जसले दिगो आर्थिक विकास गर्न सक्छ । तर राजनीतिक नेतृत्वको प्राथमिकता अझै अन्य क्षेत्रमा सीमित छ...*

पर्यटन नेपालको सम्भावना, पहिचान र प्रवर्धनको एउटा मूल आधार हो । हरेक राजनीतिक परिवर्तनपछिको सरकारको प्राथमिकतामा पर्यटन परेको पाइन्छ तर यसको स्थायी र दीर्घकालीन सोच, लगानी र कार्यान्वयन चाहिँ अझै अधुरो छ । देशका पहाड, हिमाल, नदी, संस्कृति, परम्परा र विविधताले भरिएको भूगोललाई हेर्ने हो भने नेपाल संसारकै उत्कृष्ट गन्तव्यमध्ये पर्छ । तर यसका लागि राज्यको दृढता, लगानी, योजना, पूर्वाधार विकास र स्थानीयसँगको सहकार्य जरुरी हुन्छ । आज यहीं प्रश्न उठिरहेको छ–पर्यटनलाई पनि ध्यान दिने कि फेरि अरूजस्तै भाषणमै सीमित बनाउने ?

पर्यटन अर्थतन्त्रको एक आधार हो भन्ने कुरा तथ्यमै आधारित छ । देशले वैदेशिक मुद्रा आर्जन गर्ने, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने, स्थानीय उत्पादन प्रवर्धन गर्ने, सांस्कृतिक आदानप्रदान बढाउने, स्वदेशी लगानीलाई प्रोत्साहन दिने, अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ बनाउनेलगायत धेरै पक्षमा पर्यटनले भूमिका खेल्छ । त्यसैले पनि अबको विकास र समृद्धिको यात्रामा पर्यटनलाई उपेक्षा गर्ने छुट छैन । विगतमा कोरोना महामारीका कारण थला परेको पर्यटन क्षेत्र बिस्तारै उठ्दै छ तर अझै त्यो उचाइमा पुगेको छैन जुन नेपालको क्षमता अनुसार सम्भव हुन्थ्यो ।

नेपाललाई 'ओन्स इज नट इनअफ' भन्ने नारा दिनुमा पनि गहिरो कारण छ । यहाँ एक पटक आउने पर्यटकले फेरि आउने इच्छा राख्ने गर्छन् । सगरमाथा आरोहणदेखि पदयात्रा, धार्मिक तीर्थदेखि सांस्कृतिक अवलोकन, साहसिक खेलदेखि ग्रामीण पर्यटनसम्मका विविध क्षेत्र छन् । तर आज पनि देशका पर्यटकीय क्षेत्रहरू जोड्ने सडक अधुरा छन्, हवाई सेवा अस्थिर छ, ढुवानी महँगो छ, प्रवर्धन प्रभावकारी छैन अनि सबैभन्दा ठुलो कुरा–राज्यको ध्यान अर्कैतिर केन्द्रित छ ।

नेपालको पर्यटनको मूल केन्द्र काठमाडौं, पोखरा, चितवन, लुम्बिनी, सगरमाथा, अन्नपूर्ण, मुस्ताङ, रारा, इलामलगायतका गन्तव्य हुन् । यिनलाई मात्र केन्द्रमा राखेर पर्यटक भित्र्याउने सोच विगतमा देखिएको थियो । तर नेपालका थुप्रै गुमनाम ठाउँहरू, जहाँ प्राकृतिक र सांस्कृतिक सम्पदा भरपूर छन्, राज्यको योजनाबाट बाहिरै छन् । अहिले पर्यटन विस्तारको आवश्यकता छ- केन्द्रभन्दा पर, ग्रामीणतर्फ । गाउँगाउँमा होमस्टेहरू विस्तार भइरहेका छन् तर तिनको गुणस्तर सेवा र नेटवर्किङ अझै कमजोर छ ।

अर्को समस्या, नेपालले पर्यटकीय सम्भावनालाई व्यापारिक दृष्टिले मात्र हेर्दै आएको छ । पर्यटक भनेको पैसा ल्याउने माध्यम मात्र होइनन्, ती सांस्कृतिक कूटनीतिका दूत पनि हुन् । त्यसैले पर्यटकसँगको व्यवहार, सेवा, जानकारी र सरसफाइमा सुधार आवश्यक छ । देशका विमानस्थलहरू, बोर्डर नाकाहरू, होटेल सेवा, ट्रेकिङ मार्गहरूमा सहजता, सुरक्षा र सत्कार बढाउनु जरुरी छ । नेपाल आउने पर्यटकले यहाँको प्राकृतिक सुन्दरता मात्र होइन, मानवीय आत्मीयता पनि खोज्छन् ।

अहिलेको प्रविधिमैत्री युगमा डिजिटल प्रवर्धनको महत्व झनै बढेको छ । तर नेपाल पर्यटन बोर्डजस्ता संस्थाहरू अझै पनि पारम्परिक ढर्रामा छन् । युट्युब, इन्स्टाग्राम, टिकटोकजस्ता माध्यमहरूमा 'ट्राभल इन्फ्लुएन्सर'हरूलाई सहयोग गर्न सकिन्छ, ब्रान्डिङमा निजी क्षेत्रसँग सहकार्य गर्न सकिन्छ, अनि स्थानीयलाई पर्यटनमार्फत आत्मनिर्भर बनाउने कार्यक्रम विस्तार गर्न सकिन्छ । पर्यटन शिक्षामा पनि सुधार गरी जनशक्ति उत्पादनमा जोड दिनुपर्छ ।

नेपालको पछिल्लो अवस्थाले देखाएको छ, कि कृषिपछि पर्यटन नै त्यो क्षेत्र हो जसले दिगो आर्थिक विकास गर्न सक्छ । तर राजनीतिक नेतृत्वको प्राथमिकता अझै अन्य क्षेत्रमा सीमित छ । शिक्षा, स्वास्थ्य, ऊर्जा जस्ता क्षेत्रले पनि प्रत्यक्ष-परोक्ष पर्यटनसँग सम्बन्ध राख्छन् । सडक, विमानस्थल, सञ्चार, इन्फ्रास्ट्रक्चर, कानुनी सुरक्षाको सुधार नगरी पर्यटकलाई आकर्षित गर्न सकिन्न । स्थानीय सरकारले समेत पर्यटकीय गन्तव्यहरू पहिचान गरी प्रवर्धन गर्ने नीति लिइसकेका छन् तर तिनमा प्राविधिक जनशक्ति, बजेट, दीर्घकालीन सोचको अभाव छ । हो, केही ठाउँमा सामुदायिक लगानीमा उल्लेखनीय काम भएका छन्– गण्डकी र सुदूरपश्चिमका केही स्थानमा । तर यस्ता उदाहरणहरू अपवादकै रूपमा छन् ।

अब यत्ति हो, पर्यटनलाई पनि अब 'ध्यान दिनुपर्ने' अवस्था पार भइसकेको छ । अब त 'प्राथमिक ध्यान केन्द्रित गर्नुपर्ने' बेला भएको छ । अझ ढिला गरे हामीसँग भएका स्रोत, सम्भावना, सम्पदा र पहिचान नै बिर्सिनेछौं । र, भविष्यका पुस्ताले प्रश्न गर्नेछन्– किन ध्यान दिइएन ? आजको जवाफ यही हो– पर्यटन अब भाषणको विषय होइन, कार्यान्वयनको मुद्दा हो । पर्यटन विकास भनेको मुलुक समृद्ध बनाउने यात्राको एउटा बाटो हो– सस्तो र सुलभ बाटो । त्यसैले ध्यान दिने मात्र होइन, त्यसलाई राष्ट्रिय ऐक्यबद्धताकै विषय बनाउनुपर्ने बेला भइसकेको छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

### सल्यानमा अविरल वर्षा
# जोखिममा मन्दिर र विद्यालय, एक परिवार विस्थापित



**प्रदीप मगर/मध्यान्ह**
सल्यान, २१ साउन

सल्यानमा केही दिनदेखि लगातार परेको अविरल वर्षाले जनजीवन प्रभावित बनाएको छ । कालीमाटी गाउँपालिकाका विभिन्न स्थानमा भूस्खलन र वर्षाजन्य घटनाहरू बढिरहेका छन्, जसका कारण धार्मिक, शैक्षिक र कृषिक्षेत्रमा ठुलो क्षति पुगेको छ ।

कालीमाटी गाउँपालिका-३ मा अवस्थित प्रसिद्ध धार्मिक स्थल गंगामाला भगवती मन्दिरको तल्लो पर्खाल भत्किएपछि सम्पूर्ण मन्दिर संरचना नै जोखिममा परेको छ । कालीमाटी-३ का वडा अध्यक्ष शिवबहादुर खत्रीका अनुसार लगातारको वर्षाले मन्दिरको छेउमा बनाइएको पर्खाल भत्किएर प्राङ्गण कमजोर बनेको छ । 'मन्दिर वरिपरिका भागहरूमा चिरा परेको देखिएको छ, जुन थप क्षतिको संकेत हो,' उनले बताए ।

मन्दिर संरक्षणका लागि बनाइएका अन्य संरचनाहरू समेत जीर्ण अवस्थामा पुगेको भन्दै स्थानीयवासीहरूले मन्दिर जस्तो महत्वपूर्ण धार्मिक सम्पदाको संरक्षणमा तत्काल ध्यान दिन स्थानीय सरकार र सम्बन्धित निकायसँग माग गरेका छन् ।

त्यसैगरी, कालीमाटी गाउँपालिका-२ को बागखोर झिंगानेमा मंगलबार दिउँसो ठुलो पहिरो गएको छ । पहिरोले सिर्जनशील माध्यमिक विद्यालयको प्राङ्गण पुरिएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक रेशम खत्रीले जानकारी दिए । विद्यालय भवन भने सुरक्षित रहेको छ ।

सोही पहिरोले विद्यालयनजिकैको लालबहादुर वलीको करिब पाँच रोपनी पाखाबारी पुरिएको छ । पहिरोले उनीहरूको घर वरिपरिका अन्नपात, पशुचौपाया र लत्ताकपडासमेत जोखिममा पारेको थियो । प्रहरीको सक्रियतामा ती सामग्रीहरू सुरक्षित स्थानमा सारिएको छ ।

प्राकृतिक विपत्तिका कारण लालबहादुर वलीको पाँच सदस्यीय परिवार विस्थापित भई छिमेकी देवबहादुर खत्रीको घरमा अस्थायी बसोबास गरिरहेको छ । पीडित परिवारको व्यवस्थापनका लागि स्थानीय सरकारसँग समन्वय भइरहेको प्रहरीले जनाएको छ ।

# हनुमानढोकाको पुरानो प्रहरी भवन भत्काइने

**काठमाडौं/मस–** विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रमा अवस्थित पुरानो प्रहरी भवन भत्काइने भएको छ । काठमाडौं महानगरपालिका र नेपाल प्रहरीबीच भएको छलफलपछि भवन भत्काउने मौखिक सहमति भएको हो ।

२०७२ सालको विनाशकारी भूकम्पपछि जीर्ण बनेको र रातो स्टिकर टाँसिएको उक्त भवन हालसम्म खाली भए पनि केही सुरक्षाकर्मी त्यहाँ बस्दै आएका छन् । पुरानो प्रहरी कार्यालय हनुमानढोकाबाट रामशाहपथ सारिएपछि भवन खाली थियो । काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) शाह र नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दीपक थापाबीच मंगलबार महानगर कार्यालयमा भएको भेटवार्तामा भवन भत्काएर त्यस स्थानमा मच्छिन्द्रनाथको रथ राख्ने परम्परागत पोखरी पुनर्निर्माण गर्ने सहमति भएको मेयर बालेनको सचिवालयले जनाएको छ ।

हनुमानढोका क्षेत्रको सांस्कृतिक महत्व जोगाउन पोखरी पुनर्निर्माण अपरिहार्य रहेको बताउँदै मेयर बालेनले यसले परम्परा संरक्षणका साथै ऐतिहासिक क्षेत्रको पुनः जीवन्तता कायम गर्न सघाउ पुऱ्याउने धारणा राखेको उनको सचिवालयले जानकारी दिएको छ । छलफलमा ट्राफिक प्रहरी प्रमुख नवराज अधिकारी, नेपाल प्रहरीका इन्जिनियर रामकुमार चौधरी र महानगरका इन्जिनियर सन्तोष पाण्डे समेत सहभागी थिए । भवन भत्काएपछि निर्माणको लेआउट तयार गर्ने जिम्मा यिनै इन्जिनियरलाई दिइएको छ ।

यसै सन्दर्भमा काठमाडौं महानगरपालिका-२७ को वडा कार्यालय हाल भोटाहिटीस्थित प्रहरी साइबर ब्युरो भवनमा सार्ने विषयमा समेत सहमति जुटाइएको छ । साइबर ब्युरोको नयाँ भवन सामाखुसीमा निर्माणाधीन अवस्थामा रहेको छ र केही महिनामै त्यहाँ सर्ने तयारी छ ।

यस्तै, रामशाहपथस्थित उपत्यका ट्राफिक प्रहरी कार्यालयको भवन निर्माणका लागि आवश्यक जग्गा महानगरले उपलब्ध गराउने र त्यहाँ ट्राफिक प्रहरी तथा महानगर प्रहरी दुबैको सहकार्यमा साझा भवन निर्माण गर्ने विषयमा पनि छलफल भएको छ । हाल महानगर प्रहरी बल सुन्धारास्थित जीर्ण बागदरबार भवनमा बस्दै आएको छ । मानव बेचबिखन अनुसन्धान ब्युरोका लागि भने नयाँ जग्गा खोज्ने र भवन निर्माणमा सहकार्य गर्ने विषयमा पनि दुई पक्षबीच छलफल भएको छ ।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०४/२२**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालयः भानुचौक, जनकपुर**

**१. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम** : **श्री चुरिया माई वालुवा प्रशोधन उघोग**
रजिष्टर्ड ठेगाना : मिथिला न.पा.-५, धनुषा
रजिष्ट्रेसन नं. : १०६७९/५७९/०७५/७६ (प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाममा, धनुषा)
पान नं. : ६०९०८६९४६

**ऋणी फर्मको प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना**

श्री रामफल महतो कोइरीको नाती, श्री साधु महतो कोइरीको छोरा, धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५ बस्ने वर्ष ३२ को **विपिन कुमार महतो** (ना.प्र.नं. १७११००/१८१, जारी मिति बि.सं. २०६७/०४/०६, जि.प्र.का. धनुषा)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री रामफल महतो कोइरीकी बुहारी, श्री गुदरी महतोकी छोरी श्री साधु महतो कोइरीकी पत्नी, मधेश प्रदेश, धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५ बस्ने वर्ष ६३ को श्रीमती **भुली देवी कोइरिनी** (ना.प्र.नं. ६४४०२२४८, जारी मिति बि.सं. २०४५/०१/२७, जि.प्र.का. धनुषा) ।
२. श्री बाबुलाल महतोको नाती, श्री रामफल महतो कोइरीको छोरा, श्रीमती भुली देवी कोइरिनीको श्रीमान मधेश प्रदेश, धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला न.पा.वडा नं. ५ बस्ने वर्ष ७३ को श्री **साधु महतो कोइरी** (ना.प्र.नं. ६४४०११९३, जारी मिति बि.सं.२०३४/०९/२२, प्रतिलिपि मिति वि.सं.२०७५/०५/२०, जि.प्र.का. धनुषा) ।
३. श्री रामफल महतो कोइरीको नाती, श्री साधु महतो कोइरी को छोरा, श्रीमती सरिता कुमारी महतो को पति मधेश प्रदेश, धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला न.पा.वडा नं. ५ बस्ने वर्ष ३५ को श्री **विनोद कुमार महतो** (ना.प्र.नं. १७३१००/११६२, मिति बि.सं. २०६३/१२/०३ श्री जि.प्र.का. धनुषा)।
४. श्री साधु महतो कोइरी को बुहारी, श्री जनक लाल महतो की छोरी श्री बिनोद कुमार महतो को पत्नी, मधेश प्रदेश, सिरहा जिल्ला हनुमान नगर प्र.ध. गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५ बस्ने वर्ष ३६ की श्रीमती **सरिता कुमारी महतो** (ना.प्र.नं. १५१०२१/९७, मिति बि.सं. २०६४/११/२२ श्री जि.प्र.का. सिरहा)।

**शाखा कार्यालयः कन्चनवारी, मोरङ्ग**

**१. ऋणीको नाम र ठेगाना**

गुलाव चन्द साहकी छोरी, सुकदेव राम साहकी बुहारी, अशोक कुमार हलुवाईकी श्रीमती, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. ०४ बस्ने **रेणु देवी हलुवाई** (ना.प्र.नं. ९३२५/१०३२५, जारी मिति २०५५/०६/२८, जि.प्र.का. सुनसरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. स्वरद साह हलुवाईको नाती, सुकदेव राम साहको छोरा, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. ०४, बस्ने **अशोक कुमार हलुवाई** (ना.प्र.नं. २४८८९/२६८८९, जारी मिति २०५१/०९/२४, जि.प्र.का. सुनसरी)
२. सुकदेव राम साहको नाती, अशोक कुमार हलुवाईको छोरा, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. ०४, बस्ने **सुमन कुमार हलुवाई** (ना.प्र.नं. ०६१००९/१६३२०७, जारी मिति २०६८/०१/१४, जि.प्र.का. सुनसरी)
३. सुकदेव राम साहकी नातीनी, अशोक कुमार हलुवाईकी छोरी, सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. ०६ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. ०४, बस्ने **राधिका कुमारी हलुवाई** (ना.प्र.नं. ०६-०१-७६-०९८९१, जारी मिति २०७६/०८/२२, जि.प्र.का. सुनसरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL


# मञ्जुश्री फाइनान्सले सुरु गऱ्यो भिडियो केवाइसी सेवा

**काठमाडौं/मस–** मञ्जुश्री फाइनान्सले भिडियो केवाइसी सेवा सार्वजनिक गरेको छ । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गर्दै फाइनान्सले डिजिटल माध्यमबाट सहज र सरल सेवा प्रदान गर्ने उद्देश्यका साथसेवा सुरु गरेको जसले ग्राहकको समय बचत गर्नुका साथै शाखामा पुग्नु पर्ने झन्झटलाई अन्त्य गर्ने जनाएको छ । ग्राहकहरूको माग तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई समेत ध्यानमा राखी सुरु गरिएको यो सेवा फाइनान्सले प्रविधिमा आधारित सेवा विस्तारतर्फ लिएको अर्को कदम भएको फाइनान्सले जनाएको छ ।

हालसम्म करिब २३ अर्ब रुपैयाँ निक्षेप संकलन गरिसकेको फाइनान्सले करिब १८ अर्ब ६० करोड रुपैयाँ कर्जा परिचालन गरिसकेको छ । यस संस्थाले आकर्षक ब्याजदरमा निक्षेप संकलन गर्दै सुलभ दरमा कर्जा प्रवाह गरिरहेको छ ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड


## सन लाईट ह्युमन रिर्सोस प्रा.लि. को जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** (श्रम इजाजत पत्र नं. ६८९/०६३/०६४) को नाममा सिमरा बाराबाट कृष्ण प्रसाद गौतमले भन्ने व्यक्तिले यस प्रा.लि.को भिजिटिङ्ग कार्ड बनाई सिमराको ब्रान्च म्यानेजर भनि विभिन्न देश तथा युरोपको डिमान्ड छ भनि वैदेशिक रोजगारमा पठाई दिन्छु भनेर विभिन्न व्यक्तिहरुबाट सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि. को युरोप सम्बन्धि कुनै पनि डिमान्ड नभएको र निज व्यक्ति यस प्रा.लि को आधिकारिक व्यक्ति नभएको सम्बन्धित सबैमा जानकारी गराउँदछौं । यस प्रा.लि.को केन्द्रीय कार्यालय सामाखुसी काठमाडौं वडा नं. ०३ र शाखा कार्यालय विर्तामोड झापा वडा नं. ०५ बाहेक अन्यत्र कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस प्रा.लि.को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न अनुरोध गर्दछौं ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३.
Mobile No: 9802341585 , 9700558336, 9864827296.



## लक्ष्मी दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल

## धितोमा रहेको चल अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः२०८२/०४/२२**

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको कर्जाको साँवा ब्याज संस्थासँग गरेको शर्त र सम्झौताबमोजिम नबुझाउनुभएको सम्बन्धमा कर्जा चुक्ता भुक्तान गर्न पटकपटक मौखिक एवं लिखितरुपमा तर ताकेता गर्दासमेत बेवास्ता गरी संस्थाको ऋण/कर्जा भुक्तान नगर्नुभएकोले मध्यान्ह दैनिक पत्रिकामा मिति २०८१/१२/२८ गते ३५ (पैंतिस), २०८२/०२/०६ गते १५ (पन्ध्र) र २०८२/०२/२३ गते पुनः १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण/कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाइ बेवास्ता गर्नु भई कर्जा लिँदाका बखत संस्थासँग गरेका सम्पूर्ण शर्त सम्झौता, बन्देजहरु उलंघन गर्नुभएकोले सो ऋण लिँदाका बखत संस्थालाई सुरक्षणबापत धितो लेखिदिएको तपशिलबमोजिमको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्थामा नै प्रचलित ऐन, कानुनको अधिनमा रही शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नका लागि यो ३५ (पैंतिस) दिने लिलाम बिक्रीसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेका तपशिलबमोजिमको चल अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत खरिद गरी लिनुहुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदापश्चात कार्यालय खुलेको दिन) कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्त बन्देजको अधिनमा रही रितपूर्वक बोलपत्र फाराम भरी यस संस्थाको कार्यालय नयाँ बानेश्वर, काठमाडौंमा आइपुग्नेगरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । साथै लिलाम प्रक्रियाबाट धितोमा रहेका तपशिल बमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन, २०७४ तथा अन्य प्रचलित ऐन कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी र व्यक्तिगत जमानीकर्ताको अन्य चल अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल उपर हुन बाँकी रहेको संस्थाको सम्पूर्ण लेना रकम सो सम्पत्ति/जायजेथाबाट असुल उपर गरिने व्यहोरा समेत धितोधनी, व्यक्तिगत जमानीकर्ता र अन्य सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिलः**

**ऋणीहरुको नाम, थर र ठेगानाः**
बिन्दनाथ झाको नाति, शम्भुनाथ झाको छोरा, महोत्तरी जिल्ला, सांढा गा.वि.स. वडा नं. ४ बस्ने धिरेन्द्र कुमार झा

**जमानीकर्ताको विवरणः**
१. कुशेश्वर झाको नातिनी, सन्तोष कुमार झाको छोरी, महोत्तरी जिल्ला, सांढा गा.वि.स.,वडा नं.४ बस्ने मिनु कुमारी
२. लक्ष्मण तिमल्सीनाको नातिनी, भिम प्रसाद तिमल्सीनाकी छोरी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.वि.स., वडा नं.३ बस्ने बिना कुमारी तिमल्सीना

**धितो सुरक्षणको विवरण :**
श्री धिरेन्द्र कुमार झाको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला ढुंखर्क गाविस/न.पा. वडा नं. १. स्थित कित्ता नं.११४२ को १-११-०-० (रोपनी) र कित्ता नं.५६६ को २-८-३-० (रोपनी) तथा वडा नं.२. स्थित कित्ता नं.७२९ को १-१४-१-० (रोपनी) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको लिग लगापात समेत ।

**लिलाम बिक्रीसम्बन्धी अन्य शर्त/बन्देजहरु :**
१. लिलाम बिक्रीसम्बन्धी शर्त र बन्देजहरुसहितको बोलपत्र फारम यस संस्थाको कार्यालय नयाँबानेश्वर, काठमाडौंबाट रु. ५००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिने छ ।
२. शिलबन्दी बोलपत्र यस सूचनामा तोकिएबमोजिमको मिति र समयभित्र उपलब्ध गराएबमोजिमको तोकिएको ढाँचामा संस्थामा प्राप्त भइ सक्नुपर्नेछ । म्याद नाघि वा रित नपुगी आएका तथा शर्तसहितको बोलपत्र मान्य हुने छैन ।
३. बोलपत्रमा आफूले कबोल गरेको रकमको १०% ले हुन आउने धरौटी रकम संस्थाको बैंक खातामा जम्मा गरेको सक्कल भौचर प्रमाण शिलबन्दी बोलपत्र साथ संलग्न हुनुपर्ने छ ।
४. बोलपत्रमा आफूले सकार गरी लिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार लिन चाहने हो सो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्ने छ ।
५. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो को सूचना/जानकारी दिएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाई उक्त सम्पत्तिको स्वामित्व आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयभित्र नबुझाएमा धरौटीबापत जम्मा गरेको १०% रकम स्वत जफत हुनेछ ।
६. लिलाम बोलकबोल गरेको रकम वा धरौटीबापत बुझाएको रकममा ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटीबापतको बुझाएको रकम फिर्ता माग गर्न पाइने छैन ।
७. लिलाम प्रक्रिया स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्न र लिलामसम्बन्धी जानकारी लिन आवश्यक ठानेमा संस्थाको कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।
९. बोलपत्र खोलिने दिन र समयमा ऋणी, धितोधनी, व्यक्तिगत जमानीकर्ता, बोलपत्रदाता र सम्बन्धित सबैलाई उपस्थित हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । निजहरु उपस्थित नभएपनि तोकिएको मिति र समयमा शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
१०. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा (बिदापश्चात कार्यालय खुलेको दिन) सोही समयमा बोलपत्र खोलिनेछ ।
११. उक्त लिलाममा राखिएको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारले तोकेको रजिस्ट्रेसन दस्तुर, सम्पत्ति कर, स्थानीय कर र अन्य शुल्क (बाँकी बक्यौतासमेत) सम्पूर्ण दायित्व एवं स्वामित्व सकार गर्ने व्यक्ति, फर्म, कम्पनी वा संघ/संस्था आफैंले तिर्नु व्यहोर्नुपर्नेछ ।
१२. अन्य कुराहरु प्रचलित ऐन कानुनबमोजिम हुनेछन् ।

**बोलपत्र पेश गर्ने अन्तिम मितिः** २०८२/०४/२४ कार्यालय समयसम्म
**बोलपत्र खोलिने मिति र समयः** २०८२/०५/२५ दिउँसो १ बजेसम्म
**स्थानः** संस्थाको कार्यालय नयाँबानेश्वर, काठमाडौं

**लक्ष्मीदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ०१-४५८३९०६
Email:laxmidarshancop@gmail.com



## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Staris HR Services Pvt. Ltd.** (श्रम इजाजत पत्र नं. १३२४/०७४/०७५) मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरु सँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यस बारेमा यदि कुनै दाबी बिरोध भएमा यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | नागरिकता नं | ठेगाना |
|---|---|---|---|---|
| १ | Dhurba G.C. | Senior Public Relation Manager | 53-01-70-00631 | Pyuthan |

STARIS HR SERVICES PVT. LTD. श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762



## यूएईमा रोजगार
कम्पनीः ENHANCE ON DEMAND LABORS SUPPLY L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४३५ — LT. No.: 328640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Assistant | 200 | 0 | स. काममा दक्ष | 1200 | ४५,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २९ गते (14 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE RECRUITING AGENCY PVT. LTD. श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9706414359, 9843000020, 9862179537.
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com



## ओमनमा रोजगार
कम्पनीः PROSPECTS OF THE RISING SUN — शहर : OMAN
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४७५ — LT. No.: 328628

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ARABIC COFFE MAKER | 1 | 0 | स. काममा दक्ष | 150 | ५४,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः Saif Al saadi Trd — शहर : OMAN
पूर्व स्वीकृत मितिः २०८२/०४/०७ — चलानी नं.: ६०२४२४७६ — LT. No.: 328627

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५४,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Juice Makers | 1 | 0 | | 150 | ५४,६१८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २९ गते (14 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


K.S.B. INTERNATIONAL PVT. LTD. Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025-590813, 9842291471



## KUWAIT मा रोजगार
Adam Chef Restaurant And Grill Company
पुनः विज्ञापन, पूर्व स्वीकृति मितिः २०८०/१२/२८ चलानी नं.:६०२१८२१५ LT No. 303404

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Arabic Cook | 1 | 00 | काममा दक्ष | 150 | ६८,५२०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Executive Chef | 1 | 00 | | 250 | ११४,२००।- | | | | | | | |
| ३. | Extruder Machine Operator | 2 | 00 | | 150 | ६८,५२०।- | | | | | | | |
| ४. | Grill Cook | 1 | 00 | | 150 | ६८,५२०।- | | | | | | | |
| ५. | Helper | 17 | 00 | | 100 | ४५,६८०।- | | | | | | | |
| ६. | Plastic Cutter | 5 | 00 | | 130 | ५९,३८५।- | | | | | | | |
| ७. | Restaurant Supervisor | 1 | 00 | | 180 | ८२,२२५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८२ साउन २९ गते (14 Aug., 2025) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौंमा हुनेछ ।**

बैभव ओभरसिज प्रा. लि. श्रम ईजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९७०७९३५१७६, ९७४५९४२०८७, ९८२३२५४८७७, E-mail : baibhav.ovs@gmail.com



## युएईमा रोजगार
कम्पनीः TIME CONTROL TECHNICAL WORKS LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४३३ — LT. No.: 328532

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shuttering Carpenter | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steal Fixer | 7 | 0 | | 1500 | ५७,२५५ | | | | | | | |
| 3. | Pipefitter | 5 | 0 | | 1500 | ५७,२५५ | | | | | | | |
| 4. | Skilled Blacksmith | 3 | 0 | | 1500 | ५७,२५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २९ गते (14 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Concept Placement Resource Pvt. Ltd. Gov. Lic. No. 1636/080/081
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247, 9801186314.
9856065197, 9815184464, 9802368314, Email:inquiry@cpr.com.np, Website:www.cpr.com.np



## बहराइनमा रोजगार
कम्पनीः GALAXY EVENTS MANAGEMENT CO. W.L.L — शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४२८ — LT. No.: 328625

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ELECTRICIAN. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ६६,९३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | GENERAL CARPENTER | 6 | 0 | | 180 | ६६,९३१ | | | | | | | |
| 3. | SPRAY PAINTERS | 3 | 0 | | 180 | ६६,९३१ | | | | | | | |

कम्पनीः SABAR AYOOB REASTURANT AND GRILLS W.L.L — शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२४२९ — LT. No.: 328622

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 15 | 0 | स. काममा दक्ष | 120 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २९ गते (14 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


EMINENCE Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9709139159, 9742546470, 9707377701, 9841461232, 9849964370
Email: info@eminencenepal.com. Web: ww.eminencenepal.com



## QATAR मा रोजगार
H K S Contracting Cleaning And Hospitality
पूर्व स्वीकृती मितिः २०८२/०४/१९ चलानी नं.६०२४२४१९ LT No.: 328450

